मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

ट्रेड युनियन खारेजीले अधिकार खोस्दैन, बरु पेसागत स्वतन्त्रता बलियो बनाउँछः प्रम



समाचार पृष्ठ ५ मा

वर्ष ४ • अंक १६७ • २०८३ साल वैशाख २३ गते बुधवार • Wednesday 06, May 2026 • सूर्योदय: बिहान ०५:२३ बजे • सूर्यास्त: साँझ ०६:४१ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## जनमतभित्रको विवाद सतहमा:
# ९ सांसदद्वारा समर्थन फिर्ता, मन्त्रीहरु यथावत्





**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनमत पार्टी का बहुमत (९ जना) प्रदेश सांसदहरूले सोमबार साँझ मधेश प्रदेश सरकारबाट समर्थन फिर्ता लिएको घोषणा गरेका छन्।

तर, पार्टीबाट सरकारमा सहभागी अर्थमन्त्री महेश प्रसाद यादव र समाज कल्याण तथा खेलकुद मन्त्री वसन्त कुशवाहा भने पदमै कायम छन्।

मन्त्रीद्वयबाहेकका सांसदहरूले समर्थन फिर्ता लिएको पत्र प्रमुख सचेतक चन्दन सिंहमार्फत प्रदेश प्रमुख कार्यालयमा पठाइएको थियो । तर, संसदीय अभ्यासअनुसार यस्तो पत्र दलको नेतामार्फत पठाइनुपर्ने व्यवस्था रहँदा यस विषयमा विवाद उत्पन्न भएको छ।

यसबीच मंगलबार बिहानै संसदीय दलका नेता महेश प्रसाद यादवले प्रदेश प्रमुखसमक्ष सरकारप्रति समर्थन कायमै रहेको अर्को पत्र बुझाएका छन् । उनले आफ्नो जानकारीबिना बसेको बैठकको निर्णय आधिकारिक नहुने उल्लेख गर्दै कृष्णप्रसाद यादव नेतृत्वको सरकारलाई जनमत पार्टीको समर्थन यथावत् रहेको दाबी गरेका छन्।

जनमत पार्टीभित्रको आन्तरिक किचलोले मधेश राजनीतिमा पुनः असामान्य अवस्था सिर्जना गरेको छ । यसअघि पनि अध्यक्ष सिके राउतको निर्देशनमा संसदीय दलका नेतालाई पन्छाउँदै सतिशकुमार सिंह २५ जेठ २०८१ मा मुख्यमन्त्री बनेका थिए।

पछिल्लो समय 'जनमत आन्दोलन' चर्किँदा उनले सामाजिक सञ्जालमार्फत राजीनामा घोषणा गरे पनि पछि अडान नछोड्दा पार्टीभित्र विवाद उत्कर्षमा पुगेको थियो। त्यसपछि दलको नेतामार्फत सरकारको समर्थन फिर्ता लिएको पत्र पठाइएपछि उनले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने अवस्था आएको थियो।

अहिले पुनः उस्तै परिस्थिति दोहोरिने संकेत देखिएको छ । सोमबार बसेको संसदीय दलको बैठक दलका नेता अनुपस्थितमै सम्पन्न भएको थियो । बैठकले दलको नेतृत्व तथा पदाधिकारी परिवर्तनको अधिकार पार्टी अध्यक्षलाई दिने र सरकारको कामकारबाही जनहितमा नरहेको भन्दै समर्थन फिर्ता लिने निर्णय गरेको थियो।

यसैबीच अध्यक्ष राउतले प्रमुख सचेतक चन्दन सिंहलाई संसदीय दलको नेतामा नियुक्त गरेको जनाइएको छ । यस्तै, मन्त्री कुशवाहामाथि समेत कारबाही हुन सक्ने स्रोतले जनाएको छ।

जनमत पार्टीभित्रको यस आन्तरिक विवादले मधेश प्रदेश सरकारमा पुनः राजनीतिक अस्थिरता बढ्ने संकेत देखिएको छ।

## जनमतको समर्थन फिर्ताले
# मधेश सरकार संकटमा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकार मा एमाले बाहेकका दलहरूको गठबन्धनबाट बनेको सरकार संकटमा परेको छ । सरकारमा सहभागी जनमत पार्टीका प्रमुख सचेतक चन्दन कुमार सिंहको नेतृत्वमा ९ जना प्रदेशसभा सदस्यहरुले समर्थन फिर्ता लिएको घोषणा गरेपछि सरकारको स्थायित्वमाथि प्रश्न उठेको हो।

प्रमुख सचेतक सिंहका अनुसार वैशाख ११ गते बसेको संसदीय दलको बैठकले विगत चार महिनादेखि सरकारको कार्यसम्पादन सन्तोषजनक नरहेको निष्कर्ष निकाल्दै समर्थन फिर्ता लिने निर्णय गरेको हो। तर, उक्त निर्णय ११ दिनपछि मात्र सार्वजनिक गरिएकाले पार्टीभित्रै विवाद थप चर्किएको छ।

यता, जनमत संसदीय दलका नेता तथा अर्थमन्त्री महेश प्रसाद यादवले आफूलाई जानकारी नै नदिई गरिएको निर्णय अस्वीकार्य भएको बताएका छन्।

उनले ९ जना सांसद सहभागी बैठकलाई अवैध ठहर गर्दै पार्टी विधानअनुसार प्रमुख सचेतकलाई यस्तो निर्णय गर्ने अधिकार नभएको दाबी गरे।

'जनमत पार्टीको समर्थन यथावत् छ,' उनले भने, 'पार्टीभित्र केही विवाद भए पनि चाँडै समाधान हुन्छ।'

यसैबीच, पार्टी अध्यक्ष सीके राउतले मंगलबार संसदीय दलको नेतृत्व परिवर्तन गर्दै महेश प्रसाद यादवलाई हटाएर चन्दन कुमार सिंहलाई नयाँ दलको नेतामा चयन गरेको जानकारी दिएका छन्।

उता, मुख्यमन्त्री कृष्ण प्रसाद यादवले समर्थन फिर्ता लिएको विषयमा आफू अनभिज्ञ रहेको प्रतिक्रिया दिएका छन् । उनले विधिसम्मत प्रक्रिया पूरा नगरी गरिएको घोषणा मान्य नहुने स्पष्ट पारे।

'समर्थन फिर्ता लिँदा कानुनी प्रक्रिया पूरा हुनुपर्छ,' उनले भने, 'जसले पायो त्यसले घोषणा गर्दैमा समर्थन फिर्ता भएको मानिँदैन ।' यसैबीच, प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका संसदीय दलका नेता सरोज कुमार यादवले वर्तमान सरकारलाई 'अहिलेसम्मकै सबैभन्दा कमजोर' टिप्पणी गरेका छन् । उनले सरकारको कार्यसम्पादन कमजोर रहेको र निर्णय तथा कार्यान्वयनबीच तालमेल नदेखिएको आरोप लगाए।

जनमत पार्टीको निर्णयसँगै गठबन्धनमा रहेका अन्य दलहरू पनि आन्तरिक छलफलमा जुटेका छन् । जनता समाजवादी पार्टी नेपालले समर्थन कायम राख्ने वा फिर्ता लिने विषयमा छलफल भइरहेको जनाएको छ।

त्यसैगरी, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका तर्फबाट भने औपचारिक प्रतिक्रिया आउन बाँकी रहेको छ।

कांग्रेस नेतृत्वमा सरकार गठन भएको पाँच महिना नबित्दै राजनीतिक अस्थिरताको संकेत देखिन थालेपछि जनतामा निराशा बढ्न सक्ने विश्लेषकहरू बताउँछन्।

## उच्च अदालतको रोक आदेश पनि अवज्ञाः
# वीरगंजमा राजमार्ग कर असुली यथावत





**मधेशदृष्टि**
**वीरगंज।**
अदालतले स्पष्ट रूपमा रोक लगाइसकेको भएपनि वीरगंजका विभिन्न राष्ट्रिय तथा सहायक राजमार्गहरूमा सवारी साधनबाट कर असुली अझै जारी रहेको तथ्य बाहिर आएको छ। उच्च अदालत जनकपुर अस्थायी इजलास, वीरगंजको आदेशलाई बेवास्ता गर्दै प्रभु कन्स्ट्रक्सनले कर संकलन गर्दै आएको देखिएको हो।

उक्त इजलासले यही वैशाख ११ गते पर्सा जिल्लाका राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग तथा हुलाकी राजमार्गमा सवारी साधनबाट कर नउठाउन अन्तरिम आदेश जारी गरेको थियो। सर्वोच्च अदालतमा दायर रिटको सन्दर्भमा न्यायाधीशद्वय अर्जुन अधिकारी र दुर्गाप्रसाद ढुङ्गेलको संयुक्त इजलासले यस्तो आदेश दिएको थियो। तर आदेश आएको ११ दिन बितिसक्दा पनि व्यवहारमा भने त्यसको कार्यान्वयन भएको छैन।

स्थानीयहरूको भनाइअनुसार त्रिभुवन राजमार्ग, हुलाकी राजमार्ग अन्तर्गत ड्राइपोर्ट, बहुअरी, परवानीपुर लगायतका स्थानहरूमा अझैपनि सवारी करका नाममा रकम असुली भइरहेको छ । अदालतले भित्री सडकमा मात्र कर उठाउन सकिने व्यवस्था गरेको भए पनि राजमार्ग क्षेत्रमा समेत असुली रोकिएको छैन।

यस विषयमा पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले अदालतको आदेश कार्यान्वयन गराउने दायित्व महानगरपालिकाको रहेको बताएका छन् । यता वीरगंज महानगरपालिकाका सूचना अधिकारी सुनिल कर्णले ठेकेदारलाई आवश्यक निर्देशन दिइसकिएको दाबी गर्दै आदेश उल्लंघन भएको अवस्थामा प्रहरी प्रशासनले कदम चाल्नुपर्ने बताएका छन्।

तर स्थानीयवासीहरूले भने प्रहरी प्रशासनकै मिलेमतोमा ड्राइपोर्ट, जगरनाथपुर र परवानीपुरसहित एक दर्जनभन्दा बढी स्थानमा अनधिकृत असुली भइरहेको आरोप लगाएका छन् । उनीहरूका अनुसार सवारी कर मात्र होइन, कवाडी करका नाममा समेत अवैध रूपमा रकम उठाइँदै आएको छ।

केही दिनअघि वीरगंज–२२ जगरनाथपुर चोकमा कवाडी कर संकलनका लागि बनाइएको संरचना प्रशासनले डोजर लगाएर हटाएको थियो। तर गण्डक नहरको जग्गामा बनाइएको सो संरचना हटाइएपछि पनि पुनः अस्थायी टहरो बनाएर असुली पुनः सुरु गरिएको स्थानीयको भनाइ छ।

यसैबीच, अमित ठेक्का पट्टाले महानगरसँगको सम्झौता विपरीत खाली सवारी साधनबाट समेत कर असुली गरिरहेको आरोप छ । तर सम्बन्धित निकायहरू मौन रहेको भन्दै सर्वसाधारणले प्रशासनको भूमिकामाथि गम्भीर प्रश्न उठाउन थालेका छन्।

# इन्धनको मूल्य तत्काल घटाउन सकिँदैनः सरकार

**मधेशदृष्टि**
**काठमाडौँ।**
सरकारले पेट्रोलियम पदार्थ लगायतका इन्धनको मूल्य तत्काल घटाउन सकिने अवस्था नरहेको स्पष्ट पारेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउतले इन्डियन आयल कर्पोरेसन (आइओसी) ले निर्धारण गरेको मूल्यअनुसार खरिद गर्नुपर्ने भएकाले मूल्य घटाउने सम्भावना अहिले नरहेको बताएका हुन्।

मंगलबार प्रतिनिधिसभाअन्तर्गत उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा बोल्दै सचिव राउतले हालको परिस्थितिमा सरकारलाई मूल्य घटाउने भन्दा पनि समायोजन गर्नुपर्ने बाध्यता रहेको स्पष्ट पारे । उनका अनुसार आम उपभोक्ताबाट मूल्यवृद्धि नियन्त्रण गर्न दबाब आइरहेपनि सरकार स्वयंले अहिले खाना पकाउने ग्यासदेखि पेट्रोलियम पदार्थसम्मका वस्तुमा घाटा बेहोरेर बिक्री गरिरहेको अवस्था छ । सचिव राउतले स्वचालित मूल्य प्रणाली लागू गरिएमा हालको भन्दा अझ बढी मूल्य पर्ने अवस्था देखिने भएकाले तत्काल पूर्ण रूपमा यो प्रणालीमा जान नसकिएको बताए। उपभोक्तालाई थप भार नपरोस् भन्ने उद्देश्यले सरकारले मूल्य केही हदसम्म नियन्त्रणमै राखेर बिक्री गरिरहेको उनको भनाइ थियो।

उनले भने, 'महँगोमा खरिद गर्ने तर सस्तोमा बिक्री गर्नुपर्ने अवस्था छ, जसका कारण पहिलेको सञ्चित नाफा पनि समाप्त भइसकेको छ । त्यसैले बाध्य भएर मूल्य समायोजन गर्नुपरेको हो। पछिल्लो समय सरकारले नियमित रूपमा मूल्यमा समायोजन गर्दै आएको छ, तर पूर्ण रूपमा स्वचालित प्रणाली लागू गरिए मूल्य अझ माथि जान सक्छ।'

सचिव राउतका अनुसार हाल सरकार गठनपछि मूल्यलाई निरन्तर समायोजन गर्दै आएको भए पनि उपभोक्तामाथि ठूलो भार नपरोस् भनेर सन्तुलनमा राखिएको छ। त्यसैगरी उनले नेपाल आयल निगम मुनाफामा नरहेकाले हालका कर्मचारीलाई बोनस वितरण गर्ने अवस्था पनि नभएको स्पष्ट पारे । निगम घाटामा रहेको कारण बोनस दिने नीति लागू गर्न नसकिएको उनको भनाइ थियो।



# जाँचपास नहुँदा १४ सयभन्दा धेरै मालवाहक सवारी भन्सारमै रोकिए

**वीरगंज।**
मुलुककै सबैभन्दा धेरै वस्तु तथा सामान आयात हुने वीरगंज भन्सारको सेवा प्रवाह एक सातादेखि प्रभावित भएको छ । भन्सार विन्दुमा आउने वस्तुमा अनिवार्य अधिकतम खुद्रा मूल्य (एमआरपी) कार्यान्वयन गर्न खोज्दा एक सातादेखि अत्यावश्यक पेट्रोलियम पदार्थ, औद्योगिक कच्चा पदार्थ र तरकारी तथा फलफूल बाहेक अन्य वस्तु तथा सामानको भन्सार जाँचपास हुनसकेको छैन।



गत वैशाख १५ गतेदेखि आयात तथा निर्यातकर्ता भन्सार जाँचपास प्रक्रियामा सहभागी भएका छैनन्। जसका कारण भारतको रक्सौलतर्फ मालवाहक सवारीसाधन रोकिने क्रम बढ्दो छ। वीरगंज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले दैनिक दुई सयभन्दा धेरै मालवाहक सवारीसाधन थपिने भएकाले पनि औसतमा एक हजार चार सय हाराहारीका सवारीसाधन जाँच प्रक्रिया रोकिएको बताए।

'हामी त भन्सार जाँचपासको प्रक्रिया गराउन तयार छौँ । तर, आयातकर्ता भन्सार जाँचपास गर्ने फाराम भर्नेदेखि घोषणा गर्नेसम्मका प्रक्रियागत कार्यमा सरिक नहुँदा भन्सार जाँचपास रोकिएको हो', उनले भने, 'भन्सार विभागले आवश्यक समन्वय गरिरहेको छ । छिट्टै यो समस्या अन्त्य हुने अपेक्षा राखेका छौँ।'

गत वैशाख १५ गतेदेखि आयातित एवं निर्यात गरिने सामग्रीको अधिकतम खुद्रा मूल्य (एमआरपी) लागू गर्ने निर्णय भएको थियो। तर, सो प्रावधानको आर्यातकर्ता तथा निर्यातकताले विरोध जनाउँदै आइरहेका छन्।

वीरगंजको एकीकृत सुरक्षा भन्सार जाँचचौकीको व्यवस्थापनको जिम्मेवारी पाएको टीआरएस हिमालयन लर्जी पार्क प्रालिका इन्चार्ज गणेश घिमिरेले भन्सार जाँचपास नहुँदा भारतीय सडकमा समेत मालवाहक सवारीसाधनको लाइन लागेको बताए । 'अहिले देखिएको समस्या जतिसक्दो छिटो समाधान होस् भन्ने चाहाना छ', उनले भने।

वीरगंज भन्सार कार्यालयले दैनिक ५० देखि ६० करोड रुपैयाँसम्म राजस्व सङ्कलन गर्दै आएको छ। वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले यो समस्या लामो समयसम्म रहँदा राज्य र व्यवसायी दुवैलाई फाइदा नहुने भएकाले आवश्यक समन्वय गरेर टुङ्ग्याउन अनुरोध गरे। रासस

# आधा शताब्दी पुरानो भवनबाट मिथिला नगरपालिकाको सेवा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारी कार्यालयको भौतिक संरचना गुणस्तरीय र प्रविधिमैत्री नहुँदा सेवा प्रवाहमा प्रत्यक्ष असर पर्छ । यसले नागरिकको विश्वासमा समेत नकारात्मक प्रभाव पार्ने गर्दछ । धनुषाको मिथिला नगरपालिका यसैको ज्वलन्त उदाहरण बनेको छ ।

ढल्केबरस्थित पूर्व–पश्चिम महेन्द्र राजमार्ग छेउमै रहेको नगरपालिकाको प्रशासकीय भवन अत्यन्त जीर्ण अवस्थामा पुगेको छ । करिब ५० वर्ष पुरानो भवन कुनै पनि बेला भत्किन सक्ने जोखिममा रहेको छ । छत बेलाबेलामा झर्ने समस्या रहेको यो भवन प्राविधिक रूपमा पनि प्रयोगयोग्य नरहेको बताइन्छ । तर, वैकल्पिक व्यवस्था नहुँदा कर्मचारीहरू जोखिम मोलेरै काम गर्न बाध्य छन् ।

उक्त साँघुरो र जिर्ण भवनभित्रै नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षसँगै विभिन्न शाखाहरू सञ्चालनमा छन् । चालु आर्थिक वर्षमा ३ करोड रुपैयाँ आन्तरिक बजेट र १ करोड रुपैयाँ सशर्त अनुदान गरी करिब ४ करोड रुपैयाँ उपलब्ध भए पनि नयाँ प्रशासनिक भवन निर्माणमा कुनै ठोस पहल भएको छैन ।

पूर्वाधार अभावकै कारण कार्यालयको दैनिक कामकाज प्रभावित भइरहेको छ । फाइल व्यवस्थापन, कागजात सुरक्षा तथा कर्मचारीहरूको कार्यक्षमतामा समेत प्रत्यक्ष असर परेको कर्मचारीहरू बताउँछन् ।

यता, आफ्नै कार्यालय भवनको अवस्था दयनीय रहँदा नगरप्रमुख महेन्द्र महतो भने निजी घर तथा व्यवसायिक संरचना भत्काउँदै हिँडेको आरोपमा आलोचित बनेका छन् । ५३ वर्षदेखि बसोबास गर्दै आएका स्थानीयवासीका घर तथा पसलमा डोजर चलाइएको र नगरपालिकाबाट निर्माण सम्पन्न प्रमाणपत्र पाएका भवनसमेत भत्काउन थालिएको भन्दै व्यवसायीहरू अदालत पुगेका छन् ।

स्थानीयका अनुसार उच्च अदालतको निषेधाज्ञा हुँदाहुँदै पनि नगरप्रमुखबाट धम्की आउने गरेको आरोप छ । यसले नगर प्रशासनप्रति नागरिकको असन्तुष्टि झनै बढाएको छ ।

४८ हजार ६ सय ७६ जनसंख्या रहेको मिथिला नगरपालिकाको चालु आर्थिक वर्षको बजेट ४८ करोड ९४ लाख रुपैयाँभन्दा बढी छ । तर, आर्थिक वर्ष सकिन करिब दुई महिना मात्रै बाँकी रहँदा पनि उल्लेख्य विकास निर्माण हुन सकेको छैन । १० लाख रुपैयाँसम्मका साना योजनाहरू अघि बढे पनि ठूला योजनाहरू अलपत्र अवस्थामा छन् ।

नगरप्रमुख महेन्द्र महतो र प्रमुख प्रशासकीय अधिकृत हरिशंकर यादवबीच समन्वय अभावका कारण उपभोक्ता समितिमार्फत योजना कार्यान्वयनमा सहमति जुट्न सकेको छैन । यसले विकास निर्माण कार्य थप प्रभावित भएको देखिन्छ ।

माघ महिनामा सम्पन्न विशेष नगर अधिवेशनका निर्णयहरू समेत कार्यान्वयनमा नआएको र नगरप्रमुखले निर्णय सदर नगरेको विषयमा समेत विवाद उत्पन्न भएको छ ।

# बलवा नगरपालिकामा २८,२९ र ३० गते खोप सेवा सञ्चालन गरिँदै

**महोत्तरी।**
महोत्तरीको बलवा नगरपालिकाको दुई वडामा दादुरा रोगको सङ्क्रमित फेला परेका छन् । बलवा–९ ध्रुवकुण्ड र बलवा –८ संरचियामा संक्रमण फेला परेको स्वास्थ्य कार्यालयले जनाएको छ।



कार्यालयका खोप फोकल पर्सन रामबाबु यादवले धुरवकुण्ड र संरचिया गाउँमा गत साता दादुरा संक्रमित फेला जानकारी दिए । दुवै बस्तीका बालबालिका ज्वरो आएर धमौरामा अवस्थित स्वास्थ्य चौकीमा जाँचका क्रममा सो रोग पुष्टि भएको हो। स्वास्थ्य चौकीका इञ्चार्ज सिअहेव सञ्जयकुमार साहले ती बालबालिकाहरूमा लक्षण देखेपछि तत्कालै स्वास्थ्य कार्यालयमा जानकारी गराएका थिए।

बालबालिकाहरूको सेरम (दादुरा जाँचको लागि आवश्यक पर्ने रगत) परीक्षणको लागि जनकपुरस्थित प्रयोगशालामा पठाइएको थियो। सेरम जाँचपछि ती सबै बालबालिकामा पोजेटिभ चिह्न अर्थात् दादुरा रहेको पुष्टि भएको फोकल पर्सन यादवले बताए। दादुरा भएको पुष्टि भएसँगै यही वैशाख १५ गते बलवा नगरपालिकाको सङ्क्रमित बस्तीमा विश्व स्वास्थ्य संगठन धनुषा शाखा, मधेस प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय महोत्तरी, युनिसेफ र बलवा नगरपालिकाको स्वास्थ्य टोलीले संयुक्त रूपमा पुगेर घरघरमा जाँच गरेको छ। यसमा थप बालबालिकामा दादुरा फेला नपरेको फोकल पर्सन यादवले बताए । संक्रमित बालबालिकाहरूमा दादुरा नियन्त्रणका लक्षणमा आधारित उपचार गरिएको छ । बलवा नगरपालिकाले नगर क्षेत्रका कुनै पनि खोप छुटेका बालबालिकाहरूका लागि यही वैशाख २८, २९ र ३० गते खोप सेवा सञ्चालन गर्ने निर्णय गरेको छ। रासस

# वैशाख २८ गते दुवै सदनको अधिवेशन

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले वैशाख २८ गते दिउँसो १४ बजे संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेका छन् ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा वैशाख २८ गते दिउँसो १४:०० बजे संघीय संसद् भवन, सिंहदरबारमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

मंगलबार बसेको मन्त्रिपरिषदको बैठकले वैशाख २८ गते संसदको दुवै सदनको अधिवेशन आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो ।

# संविधान संशोधन कार्यदलद्वारा पूर्वराष्ट्रसेवकहरूसँग छलफल

**काठमाडौँ।**
संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले मंगलबार संवैधानिक निकायका पूर्वप्रमुख, पूर्वमुख्यसचिव, परराष्ट्रविद् तथा पूर्वप्रशासकहरूसँग छलफल गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा करिब तीन घण्टा चलेको परामर्शमा शासकीय स्वरूपदेखि सङ्घीय संरचना, निर्वाचन प्रणाली र संवैधानिक निकायलगायतका विषयमा गहन बहस भएको थियो।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले संविधान संशोधनलाई राष्ट्रिय सहमतिमा अघि बढाउने स्पष्ट पारेको छ । संयोजक शाहले संविधान संशोधन जनअपेक्षा र वर्तमान आवश्यकता दुवै भएको उल्लेख गर्दै यसलाई दीर्घकालीन प्रभाव पार्ने संवेदनशील विषयका रूपमा सावधानीपूर्वक अघि बढाइने बताए।

छलफलमा सहभागी विज्ञहरूले शासकीय स्वरूप, निर्वाचन प्रणाली, सङ्घीयता, प्रदेश तथा स्थानीय तहको अधिकार, स्वतन्त्र न्यायपालिका र संवैधानिक निकायको संरचनामा सुधारका विभिन्न सुझाव दिए।

छलफलमा पूर्वप्रशासक एवम् विज्ञहरू विमल कोइराला, उमेश मैनाली, टङ्कमणि शर्मा दङ्गाल, मधुरमण आचार्य, मानबहादुर विक, यमकुमारी खतिवडा, भानु आचार्य, सोमलाल सुवेदी, जयराज आचार्य, कृष्णहरि बास्कोटा, गणेश जोशीलगायतले आ–आफ्नो राय–सुझाव प्रस्तुत गरे।

पूर्वमुख्यसचिव विमल कोइरालाले प्रत्यक्ष निर्वाचन प्रणालीसँगै समानुपातिक प्रतिनिधित्व अनिवार्य बनाउनुपर्ने, राष्ट्रियसभाको सदस्य संख्या घटाउनुपर्ने र उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष बनाउने व्यवस्था गर्नुपर्ने सुझाव प्रस्तुत गरे । उनले सङ्घ, प्रदेश र स्थानीय तहबीचका बाझिएका अधिकार स्पष्ट पार्दै स्थानीय तहलाई थप अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिए।

अर्का पूर्वराष्ट्रसेवक उमेश मैनालीले सांसदहरूको मन्त्री बन्ने आकाङ्क्षाले नीतिनिर्माण प्रभावित भएको उल्लेख गर्दै सांसदलाई कानुन निर्माणमै सीमित गर्नुपर्ने र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था गर्नुपर्ने धारणा राखे। उनले संवैधानिक परिषद्मा प्रधानन्यायाधीशको सहभागिता उपयुक्त नहुने बताए।

विज्ञ जयराज आचार्यले मन्त्रालयको संख्या घटाउने सरकारको तयारीको प्रशंसा गर्दै विद्यार्थी युनियन तथा सङ्गठनहरू खारेज गर्ने कदमप्रति सोही बैठकमार्फत सरकारलाई धन्यवाद दिए। उनले मन्त्रालय संख्या घटाउने पहल सकारात्मक भएको उल्लेख गर्दै भूराजनीतिक मुद्दामा सरकार सचेत रहनुपर्ने सुझाव दिए।

अधिकांश विज्ञले संवैधानिक परिषद्को संरचना पुनरावलोकन, संवैधानिक निकायहरूको सङ्ख्या घटाई पूर्ण स्वायत्त बनाउने, मन्त्रालयको संख्या घटाउने तथा विज्ञलाई मन्त्री बनाउने व्यवस्थामा जोड दिनुभएको थियो । स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन, सांसदहरूलाई कानुन निर्माणमा केन्द्रित गराउन, प्रदेशमा मन्त्रालय संख्या सीमित गर्न र प्रतिनिधित्व सुनिश्चित गर्न समावेशी सिट निर्धारण गर्ने विषयमा पनि साझा धारणा देखिएको थियो।

परराष्ट्रविद् तथा सहभागीहरूले भूराजनीतिक सन्तुलनमा सचेत रहन, छिमेकी राष्ट्रसँग विश्वासको वातावरण निर्माण गर्न र सन्धिसम्झौताहरू पुनरावलोकन गर्न सुझाव दिए । साथै, सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनेसँगै कर प्रणालीलाई एकरूप बनाउने र महिला तथा सीमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने विषयमा पनि जोड दिइएको थियो । कार्यदलले प्राप्त सुझावहरूलाई बहसपत्रमा समेट्दै आगामी चरणमा थप परामर्श अघि बढाउने जनाएको छ।

# १९ जिल्लामा हुलाकको घरमै सेवा

**काठमाडौँ ।**
सरकारले सार्वजनिक सेवा प्रवाहलाई घरदैलोमै पु¥याउने उद्देश्यसहित सुरु गरेको सरकारी कुरियर सेवा विस्तार क्रममा उल्लेखनीय प्रगति भएको देखिएको छ । हुलाक सेवा विभागका अनुसार हालसम्म १९ जिल्लाबाट यो सेवा सञ्चालनमा आइसकेको छ ।

२०८२ चैत १३ गते सरकारले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी १०० दिने कार्यसूचीअन्तर्गत हुलाक सेवालाई आधुनिकीकरण गर्दै सरकारी कुरियर सेवाका रूपमा विकास गर्ने लक्ष्य राखिएको थियो ।

योजना कार्यान्वयनका लागि सञ्चार तथा सूचना प्रविधिमन्त्री डा बिक्रम तिमिल्सिनाले सम्बन्धित निकायहरूसँग यसको कार्यप्रगति र देखिएका समस्याका सन्दर्भमा निरन्तर समन्वय तथा छलफल गरिरहनुभएको छ । सञ्चार मन्त्रालयका अतिरिक्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र मातहतका निकायहरू पनि सक्रियतापूर्वक लागिरहेका छन् ।

हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पँगेनीका अनुसार कार्यक्रम सुरु भएपछि हालसम्म तीन हजार १३१ वटा राहदानी सम्बन्धित जिल्लासम्म ढुवानी गरिएको छ ।

तीमध्ये ६ सय ६७ वटा राहदानी सेवाग्राहीको घरमै पुगेर वितरण भइसकेको विभागले जनाएको छ । यसले नागरिकलाई राहदानी प्राप्त गर्नका लागि जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यतालाई घटाउँदै सेवा प्रवाहलाई सहज बनाएको देखिन्छ ।

विभागका अनुसार काठमाडौँ, गुल्मी, डडेलधुरा, झापा, सिन्धुपाल्चोक, कालीकोट, मकवानपुर, बझाङ, कास्की, मोरङ, धनकुटा, बैतडीलगायत १९ वटा जिल्लासँग यस्तो सेवाका लागि सम्झौता भइसकेको छ भने अन्य जिल्लामा पनि विस्तारको प्रक्रिया अगाडि बढाइएको छ । अहिले सबै जिल्ला प्रशासन कार्यालयहरूले राहदानीका लागि आवेदन दिँदा नै सेवाग्राहीको ठेगाना सङ्कलन कार्य सुरु गरिसकेको महानिर्देशक पँगेनीले बताए । यसले भविष्यमा वितरणलाई अझ व्यवस्थित बनाउने उनको भनाइ छ ।

राहदानीसँगै अन्य सरकारी सेवाहरू पनि हुलाकमार्फत घरदैलोमा पु¥याउने काम तीव्र पारिएको छ ।

हालसम्म २६० वटा शैक्षिक प्रमाणपत्र वितरण भइसकेको छ भने स्वास्थ्य क्षेत्रमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला सँगको सहकार्यमा १४ वटा प्रयोगशाला नमूना ढुवानी गरिएको छ । सुर्खेत, बाँके, काठमाडौँलगायत जिल्लाबाट प्रयोगशाला नमूना ढुवानी थालिएको हो ।

यातायात सेवामा पनि हुलाक प्रणालीको प्रयोग उल्लेखनीय रूपमा विस्तार भएको छ । विभागका अनुसार मङ्गलबार दिउँसो ३ बजेसम्म दुई लाख ९६ हजार ५ सय ४५ वटा सवारी चालक अनुमतिपत्र सम्बन्धित यातायात कार्यालयहरूमा पठाइसकिएको छ । मोरङ, कास्कीलगायत जिल्लाबाट यातायात कार्यालयसँग समन्वय गरी लाइसेन्स घरमै पु¥याउने सेवा पनि सुरु गरिएको छ ।

हुलाक सेवा विभागले सेवा विस्तारसँगै संस्थागत सुधारका कामहरू पनि अघि बढाएको जनाएको छ । नेपाल टेलिकम सँग सहकार्य गरी सिमकार्ड घरमै पु¥याउने सेवा चाँडै सुरु गर्ने तयारी गरिएको छ ।

त्यस्तै, मध्यपश्चिम विश्वविद्यालयसँग प्रश्नपत्र, उत्तरपुस्तिका तथा प्रमाणपत्र ढुवानी कार्य सुरु भइसकेको छ । शैक्षिक प्रमाणपत्र ढुवानीका लागि नेपाल खुला विश्वविद्यालयसँग छलफल अघि बढेको छ ।

प्रणालीगत सुधारतर्फ राहदानी विभागसँग प्रणाली अन्तरआवद्धता गर्न अध्ययन समिति गठन गरिएको छ भने महालेखा नियन्त्रक कार्यालयसँग प्रणाली एकीकरणका लागि पहल भइरहेको छ ।

साथै, प्रदेशस्तरका निर्देशनालय र जिल्ला कार्यालयहरूसँग सहकार्य गरी डाँक रेखा पुनरावलोकन तथा पोस्टल इन्टरनल ट्र्याकिङ सिस्टम (पिट्स) मा पोस्टल कोड स्तरोन्नति गर्ने कार्य पनि अगाडि बढाइएको विभागले जनाएको छ । रासस

# सरकारी जग्गा अतिक्रमण हटाउन पालिकाहरुको ताकेता

**मधेशदृष्टि**
**पर्सा।**
पर्साका स्थानीय तहले सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण हटाउन चेतावनी दिएका छन् । धोबिनी गाउँपालिकाले छुट्टाछुट्टै सूचना जारी गर्दै अतिक्रमण हटाउन समयसीमा तोकेका हुन्।




धोबिनी गाउँपालिकाले गृहमन्त्रालय र जिल्ला प्रशासन कार्यालय पर्साको निर्देशनअनुसार सार्वजनिक, सरकारी, ऐलानी, पर्ती जग्गा, सडक, खोला, नाला, विद्यालय, पोखरी, मठ–मन्दिर, मस्जिद, इदगाह, पार्क तथा खुला क्षेत्रलगायतमा भएको अतिक्रमण हटाउने प्रक्रिया अघि बढाउने जनाएको छ। गाउँपालिकाले ३५ दिनभित्र स्वेच्छाले अतिक्रमण हटाउन आग्रह गर्दै अन्यथा कानूनी प्रक्रिया अपनाइने र खर्चसमेत अतिक्रमणकर्ताबाट असुल गरिने जनाएको छ।

त्यसैगरी, जिराभवानी गाउँपालिकाले पनि सार्वजनिक तथा ऐलानी जग्गामा निर्माण गरिएका संरचना १५ दिनभित्र हटाउन निर्देशन दिएको छ । तोकिएको समयभित्र अटेर गरेमा कानुनबमोजिम कारबाही गरिने गाउँपालिकाले एक सूचना मार्फत चेतावनी दिएको छ।

पकहाँ मैनपुर गाउँपालिकाले पनि मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधार कार्ययोजनाअनुसार सार्वजनिक तथा सरकारी जग्गाको संरक्षण अभियान अन्तर्गत सूचना जारी गर्दै १५ दिनभित्र अतिक्रमण हटाउन आग्रह गरेको छ।

गाउँपालिकाले समयसीमा नाघेमा आफैं अतिक्रमण हटाइने र त्यसको खर्च सम्बन्धित व्यक्तिबाट असुल गरिने जनाएको छ।

तीनवटै स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षणमा सहयोग गर्न सर्वसाधारणसँग अपिल समेत गरेका छन्।

# नीति आयोगसम्बन्धी विधेयकमा छलफल



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सभा अन्तर्गतको अर्थ तथा योजना समितिको बैठक सम्पन्न भएको छ। मंगलबार बिहान बसेको बैठकमा प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि विस्तृत छलफल गरिएको हो । बैठकमा सहभागी सांसदहरूले प्रस्तावित संशोधनका विभिन्न पक्षमा धारणा राख्दै ऐनलाई समयानुकूल, व्यवहारिक तथा प्रभावकारी बनाउनेतर्फ आवश्यक सुझाव प्रस्तुत गरेका थिए । उनीहरूले नीति आयोगको भूमिका स्पष्ट, उत्तरदायी र परिणाममुखी बनाउनुपर्नेमा जोड दिएका छन् । छलफलका क्रममा नीति आयोगको संरचना, कार्यक्षेत्र तथा कार्यान्वयन पक्षलाई थप सुदृढ बनाउने विषयमा विशेष ध्यान दिइएको थियो। साथै, विकास योजना निर्माण र अनुगमन प्रक्रियालाई प्रभावकारी बनाउने उपायबारे पनि विचार विमर्श भएको बताइएको छ।
समितिका सभापतिले बैठक सफलतापूर्वक सम्पन्न भएको जानकारी दिँदै छलफलमा सक्रिय सहभागिता जनाउने सम्पूर्ण सदस्यहरू तथा सम्बन्धित सरोकारवालाप्रति धन्यवाद व्यक्त गरेकी छन्।

# योजनाबद्ध रूपमा वीचिकालिको हत्या गरियोः अन्सारी

**मधेशदृष्टि**
**वीरगंज।**
उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति रहबर अन्सारीले वीरगंज चिनी कारखाना योजनाबद्ध रूपमा 'सिध्याइएको' आरोप लगाएका छन् । मंगलबार उद्योग मन्त्री र मन्त्रालयका सचिवलाई ध्यानाकर्षण गराउँदै उनले कारखाना बन्द हुनुका पछाडि ठूला चलखेल रहेको दाबी गरेका हुन् ।
उनका अनुसार वीरगंज चिनी कारखानाको पतन कुनै सामान्य प्रक्रिया नभई योजनाबद्ध रूपमा गरिएको 'हत्या' जस्तै हो । उनले कडा शब्दमा प्रतिक्रिया दिँदै भने, 'कारखानाको हत्या गरिएको छ, तर त्यसका जिम्मेवारहरू अहिले पनि खुलेआम घुमिरहेका छन्।'
अन्सारीले कारखाना बन्द भएपछि त्यससँग प्रत्यक्ष जोडिएका कर्मचारी तथा उखु किसानहरू गम्भीर मारमा परेको उल्लेख गरे । तर निजी चिनी उद्योग सञ्चालन गर्नेहरू भने आर्थिक रूपमा झनै



सशक्त बन्दै गएको उनको आरोप थियो । यस अवस्थाको निष्पक्ष छानबिन गरी दोषी पहिचान गरेर पीडितलाई न्याय दिनुपर्ने उनले माग गरे। उनले चिनी उद्योग क्षेत्रमा आर्थिक पक्षभन्दा बढी राजनीतिक प्रभाव हावी हुने गरेको टिप्पणी पनि गरे । उद्योगीहरूले व्यापारीसँग अग्रिम रकम असुल्ने तर किसानलाई भने उखुको भुक्तानी उधारोमा दिन बाध्य पार्ने प्रवृत्ति अन्त्य हुनुपर्नेमा उनले जोड दिए। साथै, नेपालमा चिनी उत्पादन न्यून हुनुका साथै गुणस्तर पनि कमजोर रहेको बताए।
औद्योगिक प्रदूषणका कारण जनस्वास्थ्यमा गम्भीर असर परेको उल्लेख गर्दै अन्सारीले आफ्नै क्षेत्रमै क्यान्सर र स्ट्रोकका बिरामी बढिरहेको दाबी गरे । बिहानको समयमा हावाको रंग कालो देखिने अवस्थाप्रति चिन्ता व्यक्त गर्दै उनले वातावरण सुधारका लागि मन्त्रालयले तत्काल पहल गर्नुपर्ने बताए । त्यस्तै, केही उद्योगले सार्वजनिक जग्गा र नदी किनार अतिक्रमण गरेर संरचना निर्माण गरेको विषयमा पनि उनले आपत्ति जनाए। स्थानीय प्रशासन र प्रहरी प्रभावकारी रूपमा नदेखिएको भन्दै उद्योग मन्त्रालयले विशेष टोली खटाएर अतिक्रमित जग्गा फिर्ता गराउनुपर्ने उनको सुझाव थियो।
भन्सार नाकाहरूमा देखिएको ढिलासुस्ती र कर्मचारीको मनोमानी अन्त्य गर्नुपर्नेमा जोड दिँदै उनले प्रमुख नाकाहरूमा एक्स–रे स्क्यानर जडान गरी छिटो जाँच प्रक्रिया अघि बढाउनुपर्ने बताए । यसले चोरी पैठारी नियन्त्रण हुने र व्यवसायीले अनावश्यक सास्ती भोग्न नपर्ने उनको भनाइ थियो । सभापति अन्सारीले यी सबै समस्याको समाधानका लागि मन्त्रालयले तत्काल ठोस कदम चाल्नुपर्ने र समितिले आवश्यक सहयोग गर्न तयार रहेको स्पष्ट पारे।

# ७ किलो गाँजासहित युवक पक्राउ



मधेशदृष्टि
कलैया।
बारामा प्रहरीले लागूऔषध गाँजा सहित एक जनालाई पक्राउ गरेको छ । सिम्रौनगढ नगरपालिका–६ गोलागंज निवासी करिब ३० वर्षीय विश्वनाथ मलिक डोमलाई प्रहरीले गाँजासहित नियन्त्रणमा लिएको हो।
जिल्ला प्रहरी कार्यालय बाराका अनुसार सोमबार राति करिब ९ बजे विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो। प्रहरी नायब निरीक्षक सुन्दरकान्त मिश्राको कमाण्डमा पुगेको टोलीले डोमको घरमा गरिएको खोजतलासका क्रममा ७ किलो गाँजा फेला पारेको जनाएको छ। बरामद गरिएको लागूऔषधसहित पक्राउ परेका मलिकमाथि आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ । उनलाई बारा जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक सुरेशराज भट्टले जानकारी दिएका छन्।

# जितपुरसिमरा उपमहानगरपालिकाः वडास्तरमै प्रशासनिक अधिकार विस्तार



**मधेशदृष्टि**
**वीरगंज।**
जीतपुरसिमरा उपमहानगरपालिकाले सेवा प्रवाहलाई अझ सहज, छिटो र नागरिकमैत्री बनाउन वडास्तरमै प्रशासनिक अधिकार विस्तार गरेको छ । प्रमुख प्रशासकीय अधिकृत डमरु प्रसाद निरौलाको हस्ताक्षरमा जारी निर्णयअनुसार वडा कार्यालयहरूलाई विभिन्न प्रशासनिक जिम्मेवारी प्रदान गरिएको हो।
यस नयाँ व्यवस्थासँगै अब सामान्य प्रशासनिक कामका लागि सेवाग्राहीले उपमहानगरको मुख्य कार्यालयसम्म धाउनुपर्ने बाध्यता घट्ने भएको छ । नागरिकहरूले आफ्नै वडा कार्यालयबाटै धेरैजसो सेवाहरू प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको उपमहानग रपालिकाले जनाएको छ।
निर्णयअनुसार वडा कार्यालयहरूले एक करोड रुपैयाँसम्मको व्यवसाय दर्ता, नवीकरण तथा इजाजतपत्र जारी गर्ने अधिकार पाएका छन् । साथै घरधनी र भाडामा बस्ने पक्षबीचको सम्झौता अभिलेखीकरण, बहाल करको अनुगमन तथा असुली, र राजस्वसम्बन्धी समस्या समाधान तथा समन्वय गर्ने जिम्मेवारी पनि वडालाई दिइएको छ।
त्यसैगरी नक्सा पाससँग सम्बन्धित प्राविधिक विवरण तथा अभिलेख वडा तहमा सुरक्षित राख्ने व्यवस्था गरिएको छ । नक्सा दर्ता, नवीकरण र स्वीकृतिको प्रारम्भिक प्रक्रिया समेत अब वडाबाटै अघि बढाइने भएको छ।
जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाइँसराइ जस्ता व्यक्तिगत घटनाहरूको दर्ता र अभिलेख व्यवस्थापन पनि वडा कार्यालयबाटै हुने व्यवस्था गरिएको छ। यी सबै विवरणहरू अनलाइन प्रणालीसँगै भौतिक दर्ता किताबमा समेत व्यवस्थित रूपमा राखिनेछ। साथै जनसंख्या व्यवस्थापन र सामाजिक सुरक्षासम्बन्धी आवधिक प्रतिवेदन तयार पार्ने जिम्मेवारी पनि वडालाई दिइएको छ।
उपमहानगरपालिकाले यस कदमले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुका साथै नागरिकको समय र खर्च दुवैमा उल्लेखनीय बचत हुने अपेक्षा व्यक्त गरेको छ।

# ठूलो मात्रामा घरेलु मदिरा बरामद गर्दै भट्टी ध्वस्त

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा अवैध घरेलु मदिरा भट्टीमाथि प्रहरीले कारबाही गर्दै ठूलो परिमाणमा मदिरा नष्ट गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार विशेष सूचनाको आधारमा छिपरमाई गाउँपालिका–२ टिउकी क्षेत्रमा अवैध रूपमा सञ्चालन भइरहेको घरेलु मदिरा भट्टी फेला परेको हो । मिति २०८३ वैशाख २२ गते दिउँसो करिब २ः२० बजे गरिएको उक्त कारबाहीमा प्रहरी सक्रिय भएको थियो ।
प्रहरी चौकी टिउकी र प्रहरी चौकी बूढगाईबाट खटिएको संयुक्त टोलीले छापामारी गर्दै भट्टी नियन्त्रणमा लिएको थियो । कारबाहीका क्रममा प्रहरीले सो भट्टीमा प्रयोग हुँदै आएको उपकरणहरू तोडफोड गर्दै नष्ट गरेको जनाएको छ ।



त्यस क्रममा करिब ६०० लिटर कच्चा पदार्थ र २०० लिटर तयारी घरेलु मदिरा बरामद गरिएको प्रहरीले जानकारी दिएको छ । बरामद गरिएको सबै सामग्रीलाई स्थलमै नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिए । अवैध मदिरा उत्पादन तथा बिक्रीवितरण नियन्त्रण गर्ने अभियानलाई निरन्तरता दिइएको प्रहरीले जनाएको छ । प्रहरीले यस्ता गैरकानुनी गतिविधि देखिएमा तत्काल जानकारी गराउन सर्वसाधारणलाई समेत आग्रह गरेको छ ।

# सुकुम्बासीको घर भत्काउने सरकारको कदमप्रति सिके राउतको आपत्ति

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश केन्द्रीत दल जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले सुकुम्वासीको घर भत्काउने सरकारको कदमप्रति आपत्ति जनाउँदै सेनाको ब्यारेक भत्काएर देखाउन चुनौती दिएका छन्।
सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै डा.राउतले सुकुम्बासीको घर संगै सार्वजनिक विद्यालय र मठमन्दीरहरू समेत भत्काएको प्रति प्रश्न उठाएका हुन् । उनले सार्वजनिक विद्यालय र सार्वजनिक मठमन्दीर एवं सामुदायीक भवनहरू समेत सेना लगाएर सरकारी जग्गाबाट भत्काउने हो भने सेना चाहिँ कुन जग्गामा बसेको छ भन्दै प्रश्न गरेका छन्।
संरक्षित वन (जङ्गल) भित्र सैकडौं हजारौँ रोपनी मिचेर सेना राखिएको उल्लेख गर्दै डा.राउतले सेनाको ब्यारेक भत्काएर देखाउन चुनौती दिएका



हुन्।
उनले गरीब तथा सुकुम्वासीमाथि मात्र सरकारले कडाइ देखाएको आरोप लगाएका छन् । राउतको यो अभिव्यक्तिले सरकारी नीति र कार्यप्रणालीप्रति नयाँ बहस सिर्जना गरेको छ।

# रौतहटमा वनक्षेत्रमा अतिक्रमण बढ्दो

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटमा ३० हजार १७७ हेक्टर वन क्षेत्र रहेकोमा अतिक्रमण पनि बढ्दो छ । यो रौतहटको कुल क्षेत्रफलको २९.०५ प्रतिशत भू–भाग हो । यद्यपि वन कार्यालयले उपलब्ध साधन श्रोतको प्रयोग गर्दै वन आतिक्रमण हटाउन विभिन्न कार्यक्रम गर्दै आएको छ।
विभिन्न समयमा राजनीतिक आवरणमा वन अतिक्रमणमा परेको थियो भने अहिले अतिक्रमण खाली गराउन चुनौती थपिएको छ । जिल्लाको ३ हजार १९० हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा परेको छ जसमध्य १ हजार ४२५ हेक्टर चुरेक्षेत्र तथा १ हजार ७४६ हेक्टर भावर तथा तराई क्षेत्र रहेको वन कार्याललले जनाएको छ।
डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तप्रसाद साहका अनुसार व्यवस्थित वनको १ हजार ३२८ हेक्टर, सामुदायिक वनको ७५४, साझेदारी वनको ९०५ हेक्टर र सागरनाथ वृक्षरोपण क्षेत्रको २०१ हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा छ।

# मोटरसाइकलको ठक्करबाट वृद्धको मृत्यु




**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बागमती नगरपालिका–२ स्थित धरहरा चौकमा मोटरसाइकलको ठक्करबाट एक वृद्धको मृत्यु भएको छ ।
सोमबार साँझ नयाँ रोड–बरहथवा सडक खण्डमा भारतीय नम्बर प्लेटको मोटरसाइकलले पैदल यात्रीलाई ठक्कर दिएको प्रहरीले जनाएको छ । दुर्घटनामा स्थानीय अन्दाजी ७५ वर्षीय हरि बहादुर अधिकारी गम्भीर घाइते भएका थिए । घाइते अधिकारीलाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि बारा स्थित एल.एस. न्युरो अस्पताल लगिएको थियो । उपचारकै क्रममा चिकित्सकले हिजो साँझ उनलाई मृत घोषणा गरेका हुन् ।
दुर्घटनामा संलग्न भारतीय नम्बर प्लेट बिआर ३३ बिएफ ७८२१ नम्बरको मोटरसाइकल सहित चालक गोडैता नगरपालिका–२ निवासी २० वर्षीय शिवम कुशवाहालाई प्रहरीले नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान अघि बढाएको जनाएको छ ।

सम्पादकीय

# मधेशमा राजनीतिक अस्थिरता: विकासमा अवरोध

मधेश प्रदेशको राजनीतिमा फेरि एकपटक अस्थिरताको बादल मडारिएको छ। जनमत पार्टीका केही सांसदहरुले सरकारबाट समर्थन फिर्ता लिएपछि प्रदेश सरकार संकटमा परेको छ। यो घटनाक्रमले मधेशको राजनीतिक परिदृश्यमा नयाँ तरंग ल्याएको छ, जहाँ सरकार बनाउने र भत्काउने खेल निरन्तर चलिरहेको छ। बजेट निर्माण र कार्यान्वयनको महत्वपूर्ण समयमा यस्तो राजनीतिक खिचातानी हुनुले प्रदेशको विकास र सुशासनमा गम्भीर असर पर्ने निश्चित छ।

जनमत पार्टीले समर्थन फिर्ता लिनुको पछाडि आन्तरिक विवाद र सत्ता समीकरणमा असन्तुष्टि मुख्य कारण देखिएको छ। पार्टीभित्र संसदीय दलको नेता परिवर्तनको विषयले पनि यसलाई थप जटिल बनाएको छ। नेपाली कांग्रेसको नेतृत्वमा रहेको वर्तमान सरकारलाई जनमत पार्टीको समर्थन फिर्ताले अल्पमतमा पारेको छ। यसले गर्दा अन्य दलहरूलाई पनि नयाँ सत्ता समीकरणको खेलमा लाग्न प्रोत्साहन मिलेको छ, जसले गर्दा राजनीतिक अस्थिरता अझ बढ्ने सम्भावना छ।

मधेश प्रदेशमा छोटो समयमै पटकपटक सरकार परिवर्तन हुनुले राजनीतिक दलहरूको सत्तालिप्सा र जनमतको उपेक्षा स्पष्ट देखिन्छ। जनताले स्थिर सरकार र विकासको अपेक्षा गरेका हुन्छन्, तर दलहरू भने आफ्नो स्वार्थपूर्तिका लागि निरन्तर सत्ताको खेलमा लागिरहेका छन्। यसले गर्दा प्रदेशमा नीतिगत स्थिरता कायम हुन सकेको छैन, जसको प्रत्यक्ष असर विकास निर्माणका कार्यहरूमा परेको छ।

बजेट बनाउने र खर्च गर्ने बेलामा हुने यस्ता राजनीतिक उथलपुथलले प्रदेशको आर्थिक अवस्थामा नकारात्मक प्रभाव पार्छ। विकासका लागि छुट्याइएको बजेट सही ढंगले खर्च हुन पाउँदैन, जसले गर्दा जनताले पाउनुपर्ने सेवा र सुविधाबाट वञ्चित हुनुपर्छ। यस प्रकारको अस्थिरताले लगानीको वातावरण पनि बिग्रन्छ र प्रदेशको समग्र आर्थिक वृद्धिमा बाधा पुग्छ।

अन्ततः, मधेश प्रदेशका राजनीतिक दलहरूले सत्ताको खेल त्यागेर जनताको हितलाई प्राथमिकता दिनुपर्छ। स्थिर सरकार र सुशासनका लागि दलहरूबीच सहकार्य र समझदारी अपरिहार्य छ। राजनीतिक अस्थिरताले मधेशको विकासलाई अवरुद्ध गरिरहेको छ, त्यसैले यसलाई अन्त्य गरी प्रदेशको समृद्धिमा ध्यान केन्द्रित गर्नुपर्ने आजको आवश्यकता हो।

# कर्मवादले देखाएको बाटो



मणिराम डङ्गोल

विश्वमा समाजवाद, साम्यवाद, पूँजीवाद, धर्मवाद, जातिवाद, द्वन्द्ववाद अनेकन वादका सिद्धान्त प्रतिपादन भएका छन्। ती वादहरूले वास्तविक अर्थमा आमजनताको भलाइलाई भन्दा केही सीमित व्यक्ति वा समूलाई बढी फाइदा पुग्नेगरी काम गरेको देखिन्छ। समाजका सबै वर्ग समुदायको साझा हित र मुलुकको समग्र भलाइका लागि विकास भएको कर्मवादको बारेमा भने खासै धेरैलाई जानकारी नहुन सक्छ। विश्वका अधिकांश सम्पन्न देशलाई हेर्ने हो भने उनीहरूले श्रमको उच्च सम्मान गर्दै कर्मवादलाई अभ्यासमा ल्याएका छन्। नेपालको राजनीतिमा भने लामो समयदेखि नितान्त व्यक्तिवादी चिन्तन हाबी हुँदा 'सर्बजन हिताय, सर्बजन सुखाय' नभएर निजी लाभ र स्वार्थको अस्त्र बनेको छ। यसले गर्दा देशको आर्थिक अवस्थामा तात्विक सुधार हुन सकेन, युवा जनशक्ति विदेश पलायन भएका छन् र विदेशी निर्भरता बढेर गएको छ।

कुनै पनि देशलाई मार्गनिर्देश गर्ने वा स्वावलम्बी राष्ट्र निर्माणमा राजनीतिक नेतृत्वको ठूलो भूमिका रहेको हुन्छ। स्पष्ट सोच, असल विचार, दीर्घकालीन योजना, निःस्वार्थ भावना भएको राजनीतिज्ञले मात्र देशको काँचुली फेर्न सक्छ। यसका लागि राजनीतक नेतृत्वले मानिससँग रहेको प्रतिभाको पहिचान गरेर प्रयोगमा ल्याउन, आत्मविश्वासको विकास गर्न, आत्मसन्तुष्टिको मापन तयार पार्न सक्यो भने सबै नागरिकले शासन प्रणालीप्रति अपनत्व महसुस गर्न सक्छन्। यसबाट एकातिर समाजको आमूल परिवर्तन हुन्छ भने अर्कोतिर समृद्ध राष्ट्रको आधार तयार गर्न सकिन्छ।

कर्म भनेको श्रम हो, श्रमबिनाको मानव जीवनको कल्पना गर्न सकिँदैन। विश्वको आर्थिक, सामाजिक सांस्कृतिक, शैक्षिक, साङ्गठनिकजस्ता अनेक विषयको उठान श्रमशक्तिको उच्चतम् उपयोगबाट मात्र सम्भव हुन्छ। कर्मवाद केवल सामाजिक सिद्धान्तमात्र होइन, जीवन बाँच्ने तरिका पनि हो। संसारलाई रुपान्तरण गर्ने शक्ति विचार वा भाषणमा नभई कर्ममा निहित हुन्छ। कर्मवादले कर्मलाई दायित्वको रूपमा होइन, सिर्जनशील शक्तिको रूपमा हेर्छ। यसका लागि कार्य केबल श्रम होइन, सिर्जनशीलता हो, जसले शून्यलाई केहीमा रुपान्तरण गर्छ। जीवनमा प्रत्येक कार्यको फल हुन्छ भन्ने धारणा कर्मवादको मूल तत्व हो। त्यसैले अन्य राजनीतिक वादहरूभन्दा पूर्णतः भिन्न ढङ्गबाट कर्मवाद नितान्त सिर्जना, उत्पादन र नवप्रवर्तनमा अडिएको हुन्छ।

कर्मवादको दृष्टिमा जीवनको वास्तविक मूल्य परिणाममा होइन, कार्यको निरन्तर प्रवाहमा छ किनकि कर्म नै चेतनाको जागरण हो। कर्मवादले समयको मूल्य बुझेको हुन्छ। समयको प्रत्येक क्षण एउटा बिज हो, जसलाई कार्यको पानीले सिञ्चित गर्दा अङ्कुर फुट्छ र त्यही अङ्कुरणमा नयाँ फल फल्दछ। त्यसैले समयलाई खेर नफाली कार्यको पूजा गर्न सिक्नु नै कर्मवादको बाटोमा हिँड्नु हो। कार्य गर्ने व्यक्तिलाई सम्मान गर्दै कर्मवादले सबैलाई आफ्नो श्रम, सीप र समय समाजको उन्नतिका लागि उपयोग गर्न प्रेरित गर्छ। कर्मवाद उत्पादनमुखी कार्यशैलीमा आधारित छ। कर्मवादले प्रकृयामुखी र औपचारिकतामा सीमित गतिविधिलाई अस्वीकार गर्दै उत्पादन र उपलब्धिलाई विकासको केन्द्रमा राख्दछ। वास्तविक विकास त्यतिबेलामात्र सम्भव हुन्छ, जब कामबाट प्रत्यक्ष परिणाम देखापर्छ र त्यो परिणामले समाजमा सकारात्मक प्रभाव पार्छ।

कर्मवादलाई श्रम, रोजगारी र उत्पादनका साधन र स्रोतको युक्तिसङ्गत परिचालन र कठोर अनुशासनको रूपमा अथ्र्याउन सकिन्छ। हरेक मानिससँग केही न केही क्षमता हुन्छ, त्यसलाई उत्पादनसँग जोड्नु नै कर्मवाद हो। देश समृद्ध हुँदैमा सबै जनता सुखी हुँदैनन्, सुखी हुन त प्रत्येक वयस्क व्यक्ति उत्पादनसँग जोडिनुपर्छ। युवालाई उत्पादनसँग नजोड्ने हो भने उनीहरू देशमा टिक्न सक्दैनन्। त्यस अवस्थामा हरेक कुरामा परनिर्भर बन्नुपर्ने हुन्छ। परनिर्भरताले राष्ट्रिय सुरक्षामा समेत जेखिम निम्त्याउँछ। आधुनिकता र आत्मकेन्द्रित व्यक्तिवादी सोचले आज कसैले पनि अरुका लागि सकारात्मक सोच्नै नसक्ने अवस्था बनेको छ।

समृद्धिको आधार उत्पादनमात्र भएकाले श्रमको महत्व स्थापित गरी उत्पादनमा संलग्न व्यक्ति, वर्ग, समुदाय तथा उद्यमीहरूलाई उचित सम्मानको वैधानिक परिपाटी कायम गर्ने हो भने नेपालका सयौँ जातजाति र भाषाभाषीहरू राज्यको मूलप्रवाहमा जोडिनेछन् र आ–आफ्ना कला कौशल, संस्कृति र विशिष्टता जोगाउँदै परिश्रममा गर्न थाल्नेछन्। राज्यले बजारको सुनिश्चित गरिदिँदामात्र पनि समाजमा व्यावसायिक र औद्योगिक उत्पादनले अभूतपूर्व गति र उचाइ लिनेछ। यसबाट जनताको क्रयशक्ति र उपभोगमात्र बढ्ने छैन, यसले मुलुकको आयातमा आधारित अर्थतन्त्र निर्यातमुखी बन्न थाल्नेछ र गरिबी निवारणसहित सबल स्वाधिन अर्थतन्त्रले मुलुकको कायाकल्प हुनेछ। जनताका आधारभूत आवश्यकता पूर्तिसँगै जीवनस्तरमा सुधार, स्वास्थ्य अवस्था र औसत आयुमा समेत उल्लेख्य सुधार हुनेछ।

कर्मवादका प्रणेता भगवान् बुद्ध

समृद्धिका लागि बुद्धका धेरै उपदेशहरू नितान्त सान्दर्भिक रहेका छन्। धर्म आफैँमा मानव जातिको धारण गर्ने अनुशासन हो। माननवीय र कर्मशील मूल्य मान्यता हो, जीवनशैलीको मार्गदर्शन हो। भगवान् बुद्धले अनुशासनका नियमका रूपमा पञ्चशीलका उपदेशहरूले कर्मशील व्यक्तिका लागि सामाजिक सद्भाव, आचरण संस्कार र मूल्य मान्यताको संरक्षणसहितको सामाजिक सहअस्तित्वलाई प्रोत्साहन गरेको छ। बुद्धको समानता, शान्ति, दया, करुणा तथा कर्तव्यपरायणता जस्ता मान्यताहरू आजको कर्मशील समाजमा उत्तिकै सान्दर्भिक छन्। कर्मले नै मानिसलाई हीन वा महान् बनाउँछ अर्थात् लोभ वा पापबिनाको तृष्णा, लालसा र महत्वकाङ्क्षा तथा अन्यायपूर्ण, स्वार्थपूर्ण र भ्रष्ट आचरणसहितको कर्मले मानिसलाई कुकर्मतिर डोर्याउँछ।

आफ्नो कर्मलाई इमान्दार भएर समुचित ढङ्गबाट सम्पादन गर्नु कुनै पनि पेसा कर्मको धर्म हो भन्ने बुद्धको सन्देश कहिल्यै पनि असान्दर्भिक हुन सक्दैन। यही कुरा गीतामा पनि कर्मयोगको रूपमा व्याख्या गरिएको छ। कुनै लोभ र आशक्तिबिनाको कर्मले नै चित्त शुद्ध गराउँछ र कर्मबाट च्यूत भएको मानिस सधैँ लोभ, मोह, शोक, डरजस्ता कहिल्यै नसकिने दोष र क्लेसरुपी बन्धनबाट कहिल्यै मुक्त हुन सक्दैन भन्ने गीताको सन्देश बुद्धको सामूहिक हितमा गरिने विष्काम कर्म, त्याग, करुणामैत्रीजस्ता सङ्गठनहरूको अवलम्बन गरी आ–आफ्नो ठाउँबाट जिम्मेवार भएर कर्म गरेमा मात्र समाजमा व्याप्त अराजकता, भ्रष्टाचार र अनैतिकताको हार हुनसक्छ। यस्ता भाव मानिसमा नहुँदा नै आज समाज अराजक, भ्रष्टीकरण उन्मुख र नैतिक रूपमा क्षयीकरण हुँदै गएको छ।

बुद्धको अष्टाङ्ग मार्ग अनि पञ्चशीलमा आधारित कर्मवाद बुझी आफ्नो कर्म र आचरणलाई सफा गर्न आवश्यक छ। यसरीमात्र हामीले श्रम र उत्पादनद्वारा समाजलाई जोड्न सकिन्छ। प्रकृतिले दिएको स्रोत–साधनलाई चराचरका सबै जीव र वनस्पति जगत्को सहअस्तित्वलाई दृष्टिगतका साथ विवेकपूर्ण र समुचित उपयोग गरी श्रममा जुट्नु नै बुद्धको कर्मवाद हो। बुद्धले श्रमलाई नै समृद्धिको मार्ग बताएका छन्। बुद्धको कर्मवादले वैज्ञानिक, भौतिकवादी र प्रगतिशील जीवन पद्दतितर्फ अगाडि बढाउँछ। समृद्धि र सुखको बाटो यही हो।

बुद्धको कर्मवादबाट हेर्दा समाजवादमात्र होइन, साम्यवाद पनि नजिकै देखिन्छ। बुद्धको समता मार्ग एउटा त्यस्तो बाटो हो, जसमा सबै सामाजिक भेदवाद र उँच–निच मेटिन्छन् र सबै जाति, भाषा, धर्म, लिङ्ग र आर्थिक अवस्थाका मानिसहरूमात्र होइन, सबै वर्ग समुदाय एउटै स्तरमा खडा हुन्छन् र समान हैसियतमा रहन्छन्। बुद्ध दर्शनको यस्तो कर्मवाद संसारको नैतिक व्यवस्थाको शाश्वत र सार्वसौम नियमको आधार बन्नसक्छ। बुद्धको कर्मवादले हामी सबैलाई सत्मार्गको बाटो देखाउँछ। यसले लोभ र स्वार्थबाट माथि उठेर सबैलाई पवित्र भावनाले मुलुक र मुलुकवासीको हितलाई मात्र ध्यानमा राखेर सबैलाई आफ्नो कार्यसम्पादन गर्न प्रेरणा दिन्छ। रासस

# अन्तुपोखरी: भैँसी चरन क्षेत्रदेखि पर्यटकीय गन्तव्यसम्म

रासस

इलामको पर्यटकीय गन्तव्य अन्तु पोखरी चार दशकअघिसम्म भैँसी चरन क्षेत्र थियो। विसं २०४० सम्म यहाँ चार गाउँका मान्छेले भैँसी चराउँथे। एकापट्टि पानीको आल थियो। अन्त पानी सुके पनि यहाँ कहिल्यै सुक्थेन। वरिपरि घर थिएन। जङ्गल पनि थिएन। तर, दिउँसै रात परेजस्तो सुनसान हुन्थ्यो। त्यो बेला दिउँसै रातपर्ने अन्तु पोखरी आसपासमा अहिले मध्यरातसम्म उज्यालै हुन्छ।

'हामी केटाकेटी हुँदा २०–२२ भैँसी चराएको। अन्तु डाँडा, बुधेडाँडा, उनीउटार, तकपत, छिरुवातिरका भैँसी चराउन र पानी खुवाउन यहाँ ल्याइन्थ्यो,' स्थानीय खगराज घिमिरेले भन्नुभयो, 'दुई बजेपछि अन्धकार हुने। मान्छे हिँड्नै डराउँथे। भैँसी चराउनेहरु ढाप पोखरी



(अन्तु पोखरीको पुरानो नाम) मा पानी खुवाएर बेलैमा भैँसीलाई गोठ फर्काउँथे।'

त्योबेला काशीनाथ घिमिरे (खगराजका बुवा), तारानिधि घिमिरे, तीलविक्रम नेम्वाङ लगायतका सीमित घर थिए। त्यो पनि पोखरीभन्दा निकै परपर। सडक संरचना थिएन। गोरेटो बाटो थियो। तर, अहिले त्यही ठाउँ विश्वमै नाम चलेको पर्यटकीय गन्तव्य भएको छ। पर्यटक डुङ्गा सयर गर्न र फिसिङ गर्न दिनहुँ आठ सयदेखि दुई हजारसम्म आउँछन्। साँझदेखि 'स्पिकर' बज्छ। मध्यरातसम्म म्युजिकमा झुम्छन्। खानु, पिउनु, नाज–गान गर्नु, क्याम फाएर गर्नु अन्तुको संस्कार भएको छ।

चरन क्षेत्रबाट पर्यटकीय गन्तव्यसम्मको परिवर्तन २०४० सालदेखि सुरु हुन्छ। त्यतिबेला कृष्णप्रसाद भट्टराई जिल्ला पञ्चायत सभापति हुनुहुन्थ्यो। जिल्ला पञ्चायतले २० हजार रुपैयाँ दिएपछि पोखरी संरक्षण अभियान सुरु भयो। पोखरी संरक्षणमा स्थानीय पनि जुटे।

'पोखरीको पूर्व र पश्चिमतर्फ पर्खाल लगाइयो। पानी जमाइयो। सरसफाइ गरियो,' खगराजले भन्नुभयो, 'विसं २०५९ मङ्सिर २७ गते जिल्ला प्रशासन कार्यालयमा अन्तु पर्यटन विकास केन्द्र संस्था दर्ता भयो। त्यही संस्थाको नेतृत्वमा २०६२–६३ सालतिर नेपाल सरकारले ५५ हजार रुपैयाँ र पछि एक लाख ७० हजार रुपैयाँ बजेट दियो। त्यसले पर्खाल लगाउने र पानी जमाउने थप काम भएको थियो।'

पचासको दशकयता स्थानीय यो ठाउँलाई पर्यटकीय गन्तव्य बनाउन कस्सिएर लागेका थिए। पोखरी बनेपछि स्थानीय मिलेर सुरुमा भारतको मिरिकबाट भाडामा डुङ्गा ल्याए। पछि कोलकता गएर दुई डुङ्गा किनेर ल्याएपछि सञ्चालन भयो। विसं २०६२–६३ तिर तत्कालीन सभामुख सुवासचन्द्र नेम्बाङले परेवा उडाएर पोखरीमा डुङ्गा सञ्चालन सुरु गर्नुभएको हो। त्यतिबेला डुङ्गा समितिले सञ्चालन गरेको थियो। अहिले नगरपालिकाले लगानी बढाएर पालिका मातहत सञ्चालन गर्छ। र, राम्रो आम्दानी गरिरहेको छ।

सङ्घीयतापछि स्थानीय सरकारको नजर अन्तुमा पर्‍यो। नगरपालिकाले अन्तुपोखरी र अन्तुडाँडाको पूर्वाधार विकास, संरक्षण र सौन्दर्यीकरणमा करिब रु पाँच करोड खर्च गरिसकेको पूर्वप्रमुख रणबहादुर राईले बताउनुभयो।

'पोखरी वरिपरि हिँड्न नसकिने अवस्था थियो। हिलैहिलो। यहाँ आउने पर्यटक हिलोको पीरले पोखरी पस्न मन गर्दैनथे। खासै चहलपहल थिएन,' पूर्व प्रमुख राईले भन्नुभयो, 'वरिपरि ट्र्याक बनाइयो। बत्ती लगाउने काम भयो। अहिले एकीकृत बस्तिको रुपमा काम अघि बढेको छ। विसं २०७४ मा हामी जनप्रतिनिधि भएर आउँदा खरले छाएका कटेज, होमस्टे अलि–अलि थिए। अहिले ठूलठूला होटल बनेका छन्। अन्तुमा हामीले करिब रु पाँच करोड खर्चेर पर्यटकीय 'हब' बनाएका हौँ।'

पोखरीभन्दा माथि अन्तुडाँडा छ। जहाँबाट झुल्केघाम हेरिन्छ। अन्तुपोखरी र अन्तुडाँडा पर्यटकका लागि पर्याय हुन्। २०७४ सालमा अन्तुडाँडासम्म पुग्ने बाटो थिएन। 'छिपिटारदेखि अन्तु भन्ने थियो। तर, सडक डिभिजन कार्यालयले भञ्ज्याङ(पोखरीभन्दा तलको ठाउँ)सम्म सडक लगेपछि छोडेर पैसा फिर्ता गर्न लागेको थियो। स्थानीय सरकारमा हामी गएपछि सडक नभई भ्यू टावर पुग्न सकिँदैन भनेर बाटो माथि पुर्‍याउने काम गर्‍यौं,' उहाँले भन्नुभयो, 'अन्तु डाँडाको टावर अव्यवस्थित थियो। सङ्घीय र स्थानीय सरकारको समन्वयमा व्यवस्थित बनाइयो। खेल मैदानबाट डाँडा पुग्ने बाटो हिलाम्मे थियो। सोलिङ–ग्राभेल गरियो। अहिले पर्यटक सजिलै माथि पुग्छन्।'

अन्तुका अधिकांश क्षेत्रमा बत्तीको व्यवस्था गरिएको छ। त्यो बेला पर्यटकले टिकट काटेको आम्दानी एक वर्षमा एक लाख रुपैयाँ मात्र हुन्थ्यो। तर फोहरमैला धेरै। 'आन्तरिक राजस्व बढाउन नगरपालिकाले आफ्नै कर्मचारी राखेर वार्षिक रु ५६ लाखसम्म राजस्व उठाउने काम गर्‍यो। पर्यटनसम्बन्धी मेला लगाइयो। प्रचारप्रसारको काम व्यापक भयो,' प्रमुख राईले भन्नुभयो।

हाल सङ्घीय सरकारअन्तर्गत सघन सहरी तथा भवन निर्माण आयोजनाले 'ब्युटिफिकेशन'को काम गरिरहेको छ। अहिले सघनले चाहिँ ब्युटिफिकेशनको काम, दुई नम्बर गेटबाट आउने बाटो ढलाइ, फुट ट्रायल बनाउने काम, घेराबारा बनाउने काम र रोड विस्तारको काम गरिरहेको आयोजनाका सब–इन्जिनियर प्रकाश चापागाईंले बताउनुभयो।

अन्तु घुम्न आउने पर्यटक अहिले अन्तुपोखरीको सेरोफेरोमा घण्टौँ बिताउन थालेको व्यवसायी बताउँछन्। अन्तु पर्यटन व्यवसायी सङ्घका अध्यक्ष रुद्र घिमिरे अहिले पर्यटक आउने 'फ्लो' बढेको बताउनुहुन्छ। 'दिनमा ८०० देखि दुई हजारसम्म पर्यटक आउँछन्। अन्तु पर्यटन व्यवसायी सङ्घमा होटल कटेज र होमस्टे गरेर ११० वटा छन्। सामुदायिक होमस्टे ५० वटा छन्। नियमित सेवा दिने ३५ वटा छन्।' पर्यटन व्यवसायी सङ्घअन्तर्गतका होटलमा ३१० जना प्रत्यक्ष रोजगार छन्।

चियाबारीका थुम्काभित्रका सुन्दर कटेज, होमस्टे, बोटिङ, सिजनेवल फिसिङ, घोडचढी, यहाँका प्रमुख आकर्षण हुन्। हाल अन्तु पोखरीमा चार वटा डुङ्गा सञ्चालन हुन्छ। एउटा डुङ्गामा चार जना बस्छन्। एक जनाले एकपटक पोखरी परिक्रमा गरेको रु ५० तिर्नुपर्छ। यो आम्दानी नगरपालिकाको हो। दिनभर डुङ्गा खाली बस्न पाउँदैनन्। सूर्योदय–सूर्यास्त दृश्यावलोकनका लागि अन्तुडाँडा चर्चित छ। अघिल्लो दिन आएर अन्तुपोखरी डुलघुम गर्ने, रातिसम्म नाचगान गर्ने र भोलिपल्ट बिहानै उठेर अन्तु डाँडामा झुल्केघाम हेर्ने पर्यटकको समय कार्यतालिका हुन्छ।

मेची राजमार्गको कन्यामस्थित छिपिटारबाट अन्तुको बाटो छुट्टिन्छ। त्यहाँबाट करिब ११ किलोमिटरमा रहेको अन्तुपोखरीमा अवलोकन गर्न लायक वस्तु धेरै छन्। सडक कालोपत्रे भएको छ। जिप, कार, भ्यान र मोटरसाइकलमा कन्यामबाट अन्तु जान सकिन्छ। अन्तुको झुल्केघामको याम भदौ अन्तिममा सुरु हुन्छ। मौसम खुले पुस–माघ र वैशाखसम्म यो सिजन रहन्छ। अन्तुबाट देखिने सूर्योदय चित्ताकर्षक मानिन्छ। यहाँबाट सूर्योदय हेर्न बर्सेनि सयौं स्वदेशी र विदेशी आउँछन्। ग्रामीण पर्यटनमा पूर्वको खचाखच रहने पर्यटकीय क्षेत्र भएको छ अन्तु।

अन्तुबाट उत्तरका हिमश्रृंखला, कोणधारी धुपी–सल्ला, झुम्का–झुम्का अलैंची, सिजनअनुसार फलफूल तथा अरू बालीले पनि सिँगारिएको देखिन्छ। यहाँबाट झापा, कन्याम, भारतको दार्जिलिङ, मिरिक, सिलिगुडीलगायत बजार वरिपरि झैँ लाग्छ। झापा, मोरङ, सुनसरी, सप्तरीलगायत धेरै गर्मी हुने ठाउँबाट आउने पर्यटकका लागि अन्तु बढी आरामदायी छ।

भारतको पश्चिम बङ्गालका सयौँ पर्यटक वर्षेनी यहाँ आउँछन्, दुई–चार रात बिताउँछन् र जान्छन्। तराई क्षेत्रमा गर्मी बढेकाबेला अन्तुको प्राकृतिक एयर कन्डिसनमा रमाउन आउनेको घुइँचो नै लाग्छ। नेपालकै पश्चिमी जिल्ला र भारतको पश्चिम बङ्गालबाट बढी पर्यटक आउँछन्। कतिपय स्कुलका विद्यार्थी समूहसमेत अध्ययन भ्रमणमा यहाँ आउने गरेका छन्।

सूर्योदय नगरपालिकाले पर्यटनबाट नै आर्थिक समृद्धि खोजिरहेको कार्यवहाक नगरप्रमुख दुर्गा कुमार बरालले बताउनुभयो। 'अन्तु र कन्याम मात्र होइन यहाँका हरेक वडा हरेक गाउँ पर्यटकीय छन्। कृषिउपज, जडीबुटी, लोपन्मुख रेडपाण्डा, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक स्थानले सूर्योदय पर्यटकीय ठाउँ हो। कोशी प्रदेश सरकारले पर्यटकीय नगरी घोषणा गरेको छ। अन्तु र कन्याम हाम्रा प्रमुख गन्तव्य हुन्। तर, अन्य ठाउँलाई समेत पर्यटनमा विकास गर्दै लैजान्छौँ। हाम्रो आर्थिक समृद्धिको प्रमुख आधार नै पर्यटन हो,' उहाँले भन्नुभयो।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# साहसिक र मनोरञ्जनात्मक खेल सञ्चालनका लागि अनिवार्य इजाजत लिनुपर्ने




**काठमाडौं ।**
पर्यटन विभागले साहसिक र मनोरञ्जनात्मक खेल सञ्चालनका लागि इजाजतपत्र लिन आग्रह गरेको छ । विभागका सूचना अधिकारी हिमाल गौतमले आज एक विज्ञप्ति जारी गरी बञ्जी जम्पिङ, स्वीङ, क्यानोनिङ, स्काई डाइभिङ, जिपलाइन, जिपकोस्टर, जेटस्की, मोटरबोटलगायतका साहसिक तथा मनोरञ्जनात्मक खेल सञ्चालन गर्न अनिवार्य दर्ता गरी इजाजत लिन आग्रह गरेका हुन् ।

विभागले देशका विभिन्न स्थानमा बिनाअनुमति सञ्चालन भइरहेका साहसिक तथा मनोरञ्जनात्मक खेललाई कानुनी दायरामा ल्याउन यस्तो व्यवस्था गर्न लागेको हो । सूचना अधिकारी गौतमले इजाजत नलिई यस्ता खेल सञ्चालन नगर्न र सञ्चालनमा रहेकालाई ३० दिनभित्र अनुमति लिन आग्रह गरे ।

पर्यटन ऐन, २०३५ र पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० अनुसार साहसिक तथा मनोरञ्जनात्मक पर्यटनसँग सम्बन्धित संस्था वा कम्पनीले विभागबाट अनिवार्य रूपमा इजाजत लिनुपर्ने प्रावधान छ । हाल मुलुकका विभिन्न ठाउँमा अनुमति नलिई र सुरक्षा मापदण्डको समेत पालना नगरी यस्ता गतिविधि सञ्चालन भइरहेको गुनासो आएपछि विभागले उक्त सूचना जारी गरेको हो ।

सुरक्षा संवेदनशीलतालाई मध्यनजर गरी सुरक्षा मापदण्डको पूर्ण पालना गरेर मात्र यस्ता खेल सञ्चालन गर्नुपर्छ, सुरक्षा मापदण्डको विश्लेषण नै नगरी आफूखुसी इजाजतबिना खेल गतिविधि सञ्चालन गर्नु कानुनविपरीत कार्य हो, विभागद्वारा जारी विज्ञप्तिमा भनिएको छ । रासस

# ट्रेड युनियन खारेजीले अधिकार खोस्दैन, बरु पेसागत स्वतन्त्रता बलियो बनाउँछः प्रम



**काठमाडौं ।**
प्रधानमन्त्री वालेन्द्र शाहले शिक्षालयमा दलको झण्डा तथा कर्मचारीतन्त्रमा दलको झोला निषेध गर्नाले विद्यार्थी तथा कर्मचारीहरुको अधिकार नखोस्ने बरु यसबाट पेसागत स्वतन्त्रता बलियो बन्ने बताएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत धारणा सार्वजनिक गर्दै प्रधानमन्त्री शाहले वर्षौंदेखि जरा गाडेर बसेको विद्यार्थी र कर्मचारीतन्त्रको पार्टीकरणले देशको प्रणालीलाई नै ध्वस्त पारेको उल्लेख गर्दै यसरी झण्डा र झोला निषेध गर्नाले उनीहरुको अधिकार र पेसागत स्वतन्त्रता नै झन बलियो बन्ने बताएका हुन् ।

प्रधानमन्त्री शाहले लेखेका छन्, धेरै पत्रकार, नेता, अभियन्ता, व्यापारी र आमजनताले वर्षौंदेखि एउटै कुरा भन्दै आएका छन्", "विद्यार्थी र कर्मचारीतन्त्रलाई पार्टीकरणले बिगा¥यो, वर्षौंदेखि धेरै सङ्गठन विद्यार्थी र कर्मचारीको हितभन्दा बढी दलका 'स्लिपर सेल' बने । योग्यताभन्दा पहुँच, क्षमताभन्दा झोला र झण्डाको मूल्य बढाइयो । यसले प्रणालीप्रति नै जनताको विश्वास कमजोर बनायो ।

उनले राष्ट्रिय स्वतन्त्र पार्टीले शिक्षालय र कर्मचारीतन्त्रबाट राजनीति हटाउने कुरा सङ्गठन बनाउन नसकेर नभई शिक्षाको गुणस्तर सुधार्न र कर्मचारीको सम्मान जोगाउनका लागि भएको पनि स्पष्ट गरेका छन् । उनले भनेका छन्, चाहने हो भने आजकै दिनमा ठूला सङ्गठन बनाउन सकिन्छ तर अर्को दलगत सङ्गठन थप्दैमा सुधार हुँदैन भन्ने कुरा विगतले देखाइसकेको छ ।

प्रधानमन्त्री शाहले सरुवा र बढुवाको आधार दलगत निकटता नभएर विधि, क्षमता र दक्षता बन्नुपर्ने पनि बताएका छन् । उनले भनेका छन्, हाम्रो प्रयास यति मात्र हो, विद्यार्थीले राजनीति सिक्दा गुरुबाट सिकून्, नेताको भीडबाट होइन । कर्मचारीले विधि खोजून्, नेताको छहारी होइन । हामी चाहन्छौँ विद्यार्थीले राजनीति सिकून् तर सभ्यता, विचार र जिम्मेवारीको राजनीति । कर्मचारीले जनताको सेवा सिकून् कुनै दलको होइन ।

उनले सरकारको यो कदम कुनै पार्टीविरुद्धको लडाइँ नभएर प्रणाली बचाउने प्रयास भएको बताउँदै यो भविष्य बचाउने प्रयास तथा देशलाई दलगत कब्जाबाट निकालेर संस्थागत मार्गमा ल्याउने प्रयास भएको स्पष्ट गरेका छन् । प्रधानमन्त्री शाहले भनेका छन्, शिक्षालय र कर्मचारीतन्त्रलाई दलगत सङ्क्रमणबाट मुक्त गर्ने यो प्रयास हो । त्यसैले तपाइँहरुकै चाहनाअनुरुप अध्यादेशमार्फत यी विकृतिहरू हटाएका छौँ ।

यस कार्यमा सरकारले सबैको साथ र विश्वासको अपेक्षा गरेको पनि बताएका छन् । उनले भनेका छन्, तपाइँको साथ चाहिएको छ, विश्वास चाहिएको छ, किनकि परिवर्तन भाषणले होइन, निर्णयले आउँछ । हामी तपाइँहरुकै जनचाहनाबमोजिम काम गर्न सरकारमा आएका हौँ । तपाइँहरु ढुक्क हुनुहोस्, हामी जे गर्छौं आम नेपाली जनताकै हितमा गर्छौं । रासस

# रक्षा मन्त्रालयको लक्ष्यअनुसार ८० प्रतिशतभन्दा बढी प्रगति



**काठमाडौँ ।**
रक्षा मन्त्रालयको चालु आर्थिक वर्षको त्रैमासिक लक्ष्यअनुसार ८० प्रतिशतभन्दा बढी प्रगति देखिएको छ । मन्त्रालयको त्रैमासिक अवधिसम्मको प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको आज यहाँ भएको बैठकमा सो जानकारी दिइयो ।

मन्त्रालयअन्तर्गत कोशी कोरिडोर (च्याम्ताङ–घोङ्ग्प्पा) सडक आयोजना, कर्णाली सडक आयोजना र बेनिघाट–आरुघाट–लार्केभञ्ज्याङ सडक आयोजनाको यस अवधिमा १०० प्रतिशत भौतिक प्रगति भएको देखिएको छ । त्यस्तै, महाकाली कोरिडोर (तुषारपानी–टिङ्कर) सडक आयोजनाको प्रगति ८२ दशमलव ९९ प्रतिशत र राष्ट्रिय चुरे संरक्षण कार्यक्रमको प्रगति ८० प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

यसैगरी, मन्त्रालयअन्तर्गत काठमाडौँ–तराई÷मधेस दूरतमार्ग सडक आयोजनाको ३४ दशमलव चार प्रतिशत, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको ३५ दशमलव ७३ प्रतिशत र बङ्करदेखि ब्यारेक आयोजनाको प्रगति २३ दशमलव ५० प्रतिशत प्रगति रहेको छ ।

प्रधानसेनापति अशोकराज सिग्देलले कोरिडोर निर्माणमा 'ट्र्याक' खोल्नका लागि आवश्यक बजेटको कमीले क्षमताअनुसार काम गर्न नसकिएको बताएका छन् । साथै उनले आफूहरूको ध्यान दूरतमार्ग आयोजना सम्पन्न गर्नमा बढी केन्द्रित रहेको उल्लेख गर्दै आयोजनामा देखिएका चुनौती समाधानका लागि वर्तमान परिस्थितिमा थप सहज हुने अपेक्षा गरेका छन् ।

कार्यक्रममा रक्षा मन्त्रालयका सचिव केदारनाथ शर्माले मन्त्रालयको प्रगति राष्ट्रिय तुलनामा सन्तोषजक भए पनि आयोजनामा देखिएका अन्य अवरोध तथा चुनौती रक्षा मन्त्रालय एक्लैले समाधान गर्न गाह्रो हुने हुँदा मन्त्रालयगत समन्वय र सहयोगको खाँचो औंल्याएका छन् ।

प्रतिरक्षा विश्वविद्यालयका अध्यक्ष बालानन्द शर्माले विश्वविद्यालय सञ्चालनका लागि तत्काल सो सम्बन्धी विधेयक अघि बढाउन र आवश्यक पहुँच मार्गको स्तरोन्नतिका लागि आग्रह गरेका छन् ।

मन्त्रालयका सहसचिव कृष्ण पौडेलले प्रगति समीक्षासम्बन्धी प्रस्तुतीकरण गरेका थिए उक्त कार्यक्रममा विभिन्न मन्त्रालयका प्रतिनिधिहरूले आवश्यक समन्वय र सहयोगका लागि प्रतिबद्धता व्यक्त गरेका थिए । रासस

# निर्माण व्यवसायी सङ्कटमा, मूल्यवृद्धि र नीतिगत ढिलाइले काम ठप्प

**काठमाडौं ।**
नेपाल निर्माण व्यवसायी महासङ्घले निर्माण उद्योगको इतिहासमै हाल निर्माण व्यवसायीहरु कठिन मोडमा पुगेको जनाएको छ ।

मंगलबार आयोजित पत्रकार सम्मेलनमा महासङ्घले राज्यको कमजोर पुँजीगत खर्च, निर्माण सामग्रीमा तीव्र मूल्यवृद्धि र नीतिगत अन्योलका कारण मुलुकभरका अधिकांश आयोजना ठप्प प्रायः भएको उल्लेख गरेको हो ।

महासङ्घका अनुसार सात प्रदेश, ७७ जिल्ला सङ्घ तथा अन्य सदस्यसहित करिब ३२ हजार निर्माण व्यवसायी आबद्ध रहेको यस क्षेत्र अहिले गम्भीर आर्थिक दबाबमा छ । चालु आर्थिक वर्षमा विनियोजित पुँजीगत बजेटमध्ये हालसम्म करिब २७ प्रतिशत मात्र खर्च हुनुले पूर्वाधार विकासमा प्रत्यक्ष असर परेको महासङ्घको भनाइ छ ।

महासङ्घका अध्यक्ष निकोलस पाण्डेले मध्यपूर्वमा जारी युद्धका कारण डिजेल, मट्टितेललगायत इन्धन तथा बिटुमिन, सिमेन्ट, डण्डीजस्ता निर्माण सामग्रीको मूल्यमा असामान्य वृद्धि भएको बताए । गत फेब्रुअरी १५ मा प्रतिलिटर १३९ रुपैयाँ रहेको डिजेलको मूल्य बढेर २२५ रुपैयाँ पुगेको र बिटुमिनको मूल्य प्रतिकेजी ७५ बाट १५५ रुपैयाँ पुगेको छ । यसले निर्माण लागत अत्यधिक बढाउँदा व्यवसायीहरू 'फोर्स माज्युर' अवस्था सामना गर्न बाध्य भएको उनको भनाइ छ । तर, मूल्य समायोजनका लागि सरकारबाट प्रभावकारी निर्णय नभएको गुनासो सङ्घले गरेको छ ।

महासङ्घले मूल्यवृद्धि र सामग्री अभावका कारण राष्ट्रिय गौरवका आयोजनासहित अधिकांश परियोजनाको काम ठप्प भएको जनाएको छ । निर्धारित समयमा आयोजना सम्पन्न हुने सम्भावना न्यून भएकाले बैंक ग्यारेण्टी, बिमा र क्षतिपूर्तिसहित सबै आयोजनाको म्याद थप गर्न सरकारसँग माग गरिएको छ ।

यसैबीच सार्वजनिक खरिद ऐन, २०६३ संशोधनसम्बन्धी अध्यादेशले केही सकारात्मक व्यवस्था गरे पनि 'लो बिडिङ'जस्ता मूल समस्या पूर्ण रूपमा समाधान नगरेको महासङ्घले जनाएको छ । मूल्य समायोजन, उपभोक्ता समितिसम्बन्धी व्यवस्था, मासिक भुक्तानीलगायत विषयमा स्पष्टता अभाव रहेको महासङ्घको निष्कर्ष छ ।

निर्माण व्यवसायी तथा अन्य उद्यमीहरूमाथि भइरहेको धरपकडले निजी क्षेत्र त्रसित भएको महासङ्घले जनाएको छ । यसले लगानी, रोजगारी र आपूर्ति प्रणालीमा नकारात्मक असर पार्ने चेतावनी दिइएको छ । महासङ्घले विद्युतीय खरिद प्रणालीसम्बन्धी विषयमा केन्द्रीय अनुसन्धान ब्यूरोको अनुसन्धानले कानुनसम्मत देखाएको उल्लेख गर्दै सोही विषयमा पुनः पक्राउ गरिनु दुःखद् भएको जनाएको छ । रासस

# सहकारी बचतकर्ताको रकम जेठ पहिलो सातादेखि फिर्ता गरिने



**काठमाडौं ।**
सरकारले समस्याग्रस्त सहकारीको बचतकर्ताको रकम जेठ पहिलो सातादेखि फिर्ता गर्ने भएको छ । गत वैशाख ९ गतेदेखि काम थालेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सहकारी र बचतकर्ताको आवश्यक विवरण संकलन गरेर बचत रकम फिर्ता गर्ने तयारी गरेको हो ।

समितिले गरेको अध्ययनअनुसार समस्याग्रस्त सहकारीका करिब ७६ हजार बचतकर्ताको करिब ४६ अर्ब बचत फिर्ता गर्नुपर्ने छ । तीमध्ये अधिकांश साना बचतकर्ता रहेको समितिले जनाएको छ ।

पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठूला बचतकर्ताका रूपमा वर्गीकरण गरिएको छ । कुल ७६ हजारमध्ये पाँच लाखभन्दा बढी बचत गर्ने जम्मा १८ हजार रहेको समितिका सदस्यसचिव रविन ढकालले जानकारी दिए ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले बचत फिर्ताका लागि धेरै काम भइसकेको र अब फिर्ता गर्ने काम सुरु हुने जानकारी दिइन् । 'सहकारी बचतकर्ताको रकम फिर्ता गर्नेबारे धेरै काम गरिसकेका छौँ । साना बचतकर्ताको रकम पहिले फिर्ता गर्छौं' उनले भनिन् ।

समितिले आफ्नो कार्यविधि तय गर्दै 'बचत फिर्ता कार्य आरम्भ गर्ने र कर्जा असुलीमा प्राथमिकता दिने नीति अवलम्बन गरिने' जनाएको छ ।

समितिले मागदाबीकर्ता बचतकर्ताको बचत फिर्ता गर्ने कार्य आगामी जेठको पहिलो हप्ताबाट आरम्भ हुने र मागदाबी छुट भएका बचतकर्ताको पुनः मागदाबी गर्ने समय आगामी साउनको पहिलो हप्तामा खुला गरिने जनाएको छ ।

समितिका अनुसार नेपाल सरकारबाट चक्रीय कोषमा विनियोजित रकम सम्बन्धित समितिको कोषबाट नपुग हुन गएमा सापटीका रूपमा मात्र खर्च गरिने पनि स्पष्ट पारिएको छ । समितिका सदस्यसचिव ढकालले कर्जा असुलीका लागि समितिले कानुनबमोजिम कठोर नीति अवलम्बन गर्ने जानकारी दिए । रासस

# निष्पक्ष छानबिन गर्न कांग्रेसको आग्रह

**ललितपुर ।**
नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको बैठकले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँमाथि निष्पक्ष र न्यायोचित रूपमा छानबिन गर्न आग्रह गर्ने निर्णय गरेको छ ।

बागमती प्रदेश संसदीय दलका नेता एवं मुख्यमन्त्री बानियाँकै सभापतित्वमा प्रदेश सुशासन केन्द्र जावलाखेलमा मंगलबार बसेको प्रदेश संसदीय दलको बैठकले सम्पत्ति शुद्धीकरणका विषयमा निष्पक्ष र न्यायोचित छानबिन गर्न आग्रह गर्ने निर्णय गरेको हो ।

बागमती प्रदेश सरकारले आव ०८३/८४ का लागि आयोजना छनोट गर्दा प्रदेशसभा सदस्यहरूको माग, भौगोलिकताको अवस्थालाई आधार बनाएर छनोट गर्ने निर्णय भएको प्रदेश संसदीय दलका सचिव मीनकृष्ण महर्जनले जानकारी दिए । रासस

# प्रदेशभर समानुपातिक रूपमा बजेट वितरण गरिनेछः मुख्यमन्त्री



**कैलाली ।**
सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेशभर समानुपातिक रूपमा बजेट वितरण गरिने बताएका छन् । मंगलबार यहाँ प्रदेशसभा सदस्यहरूसँग आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट तर्जुमा र कार्यान्वयनसम्बन्धी अन्तरक्रिया कार्यक्रममा उनले प्रदेशभर समानुपातिक रूपमा बजेट वितरण गरिने उल्लेख गर्दै सबै दलबाट प्रतिनिधित्व हुने गरी बजेट सुझाव समिति गठन गर्न आग्रह गरे ।

मुख्यमन्त्री शाहले बजेट निर्माण तथा यसको प्रभावकारी कार्यान्वयनका लागि सबै राजनीतिक दलको सहभागिता सुनिश्चित गर्दै 'बजेट सुझाव समिति' गठन गर्नुपर्नेमा जोड दिए । उनले नेपाली काँग्रेस संसदीय दलको बैठकले सरकारलाई आवश्यक सुझाव दिन प्रमुख सचेतक विक्रमसिंह धामीको संयोजकत्वमा तीन सदस्यीय बजेट सुझाव समिति गठन गरेको पनि जानकारी दिए ।

मुख्यमन्त्री शाहले ऐतिहासिक महत्त्व बोकेका धार्मिक तथा पर्यटकीय स्थललाई विशेष प्राथमिकता दिइने भएकाले सोहीअनुसार योजना तर्जुमा गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री शिवराज भट्टलाई निर्देशन दिए । यस्तै, 'कोटेसन' मार्फत कुनै पनि कार्यक्रम कार्यान्वयन नगर्न निर्देशन दिँदा उनले त्यस्तो कार्यमा संलग्न कर्मचारीलाई कारबाहीको दायरामा ल्याउन प्रमुख सचिव वैकुण्ठ अर्याललाई निर्देशन दिए ।

प्रदेश सरकारले रु २५ लाखभन्दा कम लागतका योजनामा बजेट विनियोजन गर्ने छैन, मुख्यमन्त्री शाहले भने, प्रदेशका कुनै पनि योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने छैनन् ।

कार्यक्रममा सहभागी प्रदेशसभा सदस्यहरूले प्रदेशको समग्र विकासका लागि साझा सङ्कल्पसहित अघि बढ्नुपर्ने, शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनजस्ता प्राथमिक क्षेत्रमा पर्याप्त बजेट विनियोजन गर्नुपर्ने र दिगो विकास योजना लागू गर्नुपर्ने सुझाव दिएका थिए । रासस

# विद्यार्थीको रुचिअनुसार पठनपाठनमा प्राथमिकताः मुख्यमन्त्री आचार्य

**लुम्बिनी ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले विद्यार्थीको रुचिअनुसार पठनपाठनलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन् । रुपन्देहीको सिद्धार्थनगर नगरपालिका–२ रुपन्देहीस्थित बहिरा बाल माध्यमिक विद्यालयको स्वर्ण जयन्ती समारोहलाई मंगलबार सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले शिक्षालाई विद्यार्थीको चाहना, क्षमता र भविष्यसँग जोडेर अघि बढाउन आवश्यक रहेको बताएका हुन ।

उनले अपाङ्गता भएका व्यक्तिहरूप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन आवश्यक रहेको उल्लेख गर्दै त्यस्ता विद्यार्थीलाई आत्मनिर्भर र उद्यमशील बनाउन प्रदेश सरकारले प्राथमिकता दिएको बताए ।

मुख्यमन्त्री आचार्यले राज्यले फरक क्षमता भएका नागरिकका लागि अवसर सृजना गरिरहेको बताए ।

त्यस्ता विद्यार्थीहरूको पठनपाठन र सीप विकासका विषयमा नजिकबाट बुझ्न पाउँदा खुसी लागेको उनको भनाइ थियो ।

विसं २०३२ देखि सुनाइसम्बन्धी समस्या भएका बालबालिकालाई शिक्षा प्रदान गर्दै आएको सो विद्यालयले विशेष शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान पु¥याउँदै आएको छ । विद्यालयले नेपालसँगै छिमेकी मुलुक भारतका विद्यार्थीलाई समेत समेट्दै समावेशी शिक्षा प्रदान गर्दै आएको छ ।

आवासीय सुविधा, पूर्वप्राथमिकदेखि कक्षा १२ सम्मको अध्ययन तथा सीपमूलक तालिममार्फत विद्यार्थीलाई आत्मनिर्भर बनाउने प्रयास गरेको विद्यालयले जनाएको छ । रासस

# तरकारीखेतीबाटै मनग्य आम्दानी गर्दै किसान



**दाङ ।**
**घोराही** उपमहानगरपालिका–७ का किसान भीमकान्त चापागाईं बेमौसमी तरकारी खेतीगरी आर्थिक रुपमा सक्षम बनेका छन् । उनले पाँच बिघा जमिनमा गोलभैँडा र तरकारीखेती गरी मनग्य आम्दानी गर्दै आएका छन् ।
यतिखेर चापागाईंको बारीमा गोलभैँडा लटरम्म फलेका छन् ।
जमिनमा फरकफरक प्लटमा छुट्टाछुट्टै खेती गरेका छन् । त्यहाँ लटरम्म फलेका गोलभैँडा तथा तरकारी देख्दा त्यहाँ पुग्ने जोसुकै पनि लोभिन्छ । अनि दङ्ग छन् किसान ६२ वर्षीय चापागाईं । पसिना र पौरखले लहलह छन् उनको बारीमा धेरै तरकारी । व्यावसायिक गोलभैँडा खेतीबाट अब्बल किसानका रुपमा चिनिन सफल छन् चापागाईँ ।
चापागाईंको तरकारीखेती यो क्षेत्रकै एक नमुना बनेको छ । उनले ती प्लटमा झल्किने हरियाली र लटरम्म फलेका गोलभैँडा कतै पाकेका, केही पाक्ने तयारी र केही बतेला लागेका छन् । त्यस्तै खुर्सानी, सिमी, बोडी, काँक्रालगायत तरकारी फलेका छन् । यही गोलभैँडाले चापागाईंलाई एक सफल एवम् उत्कृष्ट किसानको परिचय दिएको छ । आफूलाई एक सफल कृषकका रुपमा स्थापित गर्न सफल धेरै मेहनत गरेका छन् । कसानका लागि उनी एक सफलताको उदाहरण बन्न सफल भएका छन् । विसं २०७५ मा चार लाखको लगानीमा जमिन भाडामा लिएर तरकारीखेती सुरु गरेको चापागाईँले बताए । अहिलेसम्म तरकारीखेतीमा नै कम्तीमा २० लाख बढी लगानी गरेको चापागाईं बताउँछन् । उनले अर्काको जमिन भाडामा लिएर सबैभन्दाबढी उन्नत जातका गोलभैँडा, अरु विभिन्न जातका बेमौसमी तरकारीखेती गरिरहेका छन् ।
चापागाईंले वार्षिक प्रतिकट्ठा तीन हजारका दरले जम्मा हुने रकम भाडा तिर्छन् । उनको कृषि फारममा अहिले ६ जनाले रोजगारी पनि पाएका छन् । उनी भन्छन्, “सबै खर्च कटाएर वार्षिक रुपमा १२ लाखसम्म बचत गर्न सकेको छु ।” उनकी श्रीमती पनि यहीखेतीमा पूर्ण रुपमा लागेका छन् । दुई छोरा भने रोजगारीका लागि जिल्ला बाहिर छन् ।
चापागाईं भन्छन्, म आफ्नो व्यवसायबाट सन्तुष्ट छु, खुसी छु । आफ्नै माटोमा खेलेको छु, माटोको मायाँ बढ्दो छ । यो उमेरमा पनि जोश जागरमा कमी आएको छैन् । बारीमै आएर ग्राहकहरुले गोलभेडा खुर्सानीलगायतका तरकारी किनेर लैजाँदा आनन्द आउने उनी बताउँछन् ।
चापागाईंले सुरुमा घोराहीस्थित मसिनामा एक बिघा जमिन भाँडामा लिए । त्यही जग्गामा उनले गोलभैँडाखेती गरे । त्यहाँबाट उनलाई राम्रो आम्दानी भयो । खेतीका लागि आवश्यक पर्ने जमिन अपुग भई साँघुरो भएपछि त्यहाँ छोडेर चापागाईंले विगत पाँच वर्षअघिदेखि यस ठाउँमा खेतीगरी रहेका छन् ।
चापागाईंले अन्य जातका तरकारीभन्दा गोलभैँडाखेतीबाट धेरै लाभ लिन सकिने र एकपटक रोपेपछि लामो समयसम्म फल्ने तथा आम्दानी लिन सकिने भएकाले धेरै जमिनमा गोलभैँडाखेती गरेको बताए । चापागाईँले गोलभेडासहित काँक्रो, खुर्सानी, बोडी, सिमीलगायतका तरकारी खेती पनि गरेका छन् । उत्पादन भएको तरकारी लिन बारीमै व्यापारी गाडी लिएर आउने गरेको उनले बताए ।
चापागाईंका अनुसार गोलभैँडा प्रतिकिलो ८० र थोकमा प्रतिकिलो रु ७० देखि रु ७५ सम्म बिक्री भइरहेको छ । चापागाईं यस क्षेत्रका सफल कृषकका रुपमा स्थापित भएका छन् । कृषिप्रधान हाम्रो देशमा कृषिको अत्यन्तै राम्रो सम्भावना रहेको तर पनि राज्य भने अझै पनि यस क्षेत्रका समस्या समाधानमा गम्भीर नभएको चापागाईंको गुनासो छ ।
राज्यले समयमा नै कृषिलाई आत्मनिर्भर बनाउने कार्यक्रम ल्याउनुपर्ने चापागाईं सुझाव दिन्छन् । देशभित्रै सीपमुलक कृषि कार्यक्रम सञ्चालन गर्नुपर्ने र विदेशीने युवालाई लक्ष्य गरेर उनीहरुलाई स्वदेशमै रोक्न एकीकृत कृषि व्यवसाय फारम सञ्चालनमा ल्याउनुपर्ने उनी बताउँछन् । रासस

# सरकारी जागिर छाडेर बाख्रापालनमा रमाउँदै भुवानी




**म्याग्दी ।**
म्याग्दीको धौलागिरि गाउँपालिका–७ बगरका भुवानी पौडेलले सरकारी कार्यालयको जागिर छाडेर बाख्रापालन गरी स्वरोजगार र आत्मनिर्भर बनेका छन् ।
दश वर्षसम्म बेनीमा रहेको कृषि विकास कार्यालयमा सहयोगी कर्मचारीको रुपमा करारमा काम गरेका पौडेलले स्थापना गरेको बगर कृषि तथा पशु बहुउद्देश्यीय फार्मबाट सफलता हात पारेका हुन् ।
पाँच वर्षजति खाडीमुलुकमा वैदेशिक रोजगारी गरेर फर्केपछि विसं २०६६ देखि ११ वर्षसम्म बेनीको कृषि विकास कार्यालयमा सहयोगीको रुपमा काम गरेको थिए, उनले भने, सङ्घीयतापछि जागिर छाडेर बाख्रा पाल्ने सोच पलायो । नौ वटाबाट सुरु गरेको फार्ममा अहिले ६० भन्दा बढी बाख्रा छन् ।
वार्षिक ३५ देखि ४० वटासम्म खसीबोका बिक्री गरेर रु पाँच लाखसम्म आम्दानी गर्ने पौडेलले तीन जना छोराछोरीलाई सदरमुकाम बेनीमा राखेर पढाउनुका साथै घरव्यवहार चलाउन सजिलो भएको बताए । खसीबोका बाहेक पाठापाठी पनि बिक्री हुने गरेको छ ।
ग्राहकहरु पाठापाठी र खसीबोका खोज्दै घरमै आउने गरेकाले बजारको समस्या छैन । पौडेलले बाख्रापालनसँगै ब्यवसायिक रुपमा सुन्तला र तरकारीखेती पनि गरेका छन् । एक सय बोटमध्ये ४० बोट सुन्तलाले उत्पादन दिन थालेका छन् । थप एक सय सुन्तलाका बिरुवा रोपेर खेती विस्तार गरेका छन् ।
वैदेशिक रोजगार र करारको जागिरको तुलनामा खेती किसानी र बाख्रापालनबाट सन्तुष्टि मिलेको पौडेलले अनुभव सुनाए । व्यवस्थित किसिमको खोर बनाएर जमुनापारी जातको बाख्रा पाल्नुभएका पौडेलले उन्नत बोयर जातको एक वटा बोका सहयोग पाएका छन् ।
फार्मको पूर्वाधार विस्तारमा पौडेलले सरकारी निकायबाट सहयोगको अपेक्षा गरे । घरवरपरको पाखामा चरनमा आधारित बाख्रापालन गर्नुभएका पौडेलले बहुवर्षीय डालेघाँस खेती पनि गरेका छन् ।
बाख्राको सुरक्षाका लागि ठूला जीउडाल भएका एक वटा भोटे जातको सहित दुई वटा कुकुर पालेका छन् । रातको समयमा खोर वरपर रुघेर बस्ने कुकुर जङ्गलमा बाख्रा चराउन लैजाँदा अघिपछि गरेर सुरक्षा दिने गर्छ ।
जङ्गली जनावरको सङ्केत पाएमा भुकेर जानकारी दिने कुकुरले भिडेर बाख्रालाई आक्रमणबाट बचाउन सहयोग गरेको कृषक पौडेलले बताए । भुवानीलाई बाख्रापालनमा श्रीमती भगवतीले पनि सघाउँदै आएकी छिन् । रासस

# बगरखेतीले बदलिँदै कञ्चनपुरका किसानको जीवनशैली



**कञ्चनपुर ।**
नदीका बगरलाई उत्पादनका लागि अनुपयुक्त मानिन्छ । वर्षायाममा पानीले भरिने र बाँकी समय सेताम्मे बालुवामात्रै रहने बगर त्यसै खेर जाने गर्दछन् । तर कञ्चनपुरका किसानले यही बगरलाई अवसरमा परिणत गर्दै तरकारीखेतीमार्फत मनग्य आम्दानी गर्दै आएका छन ।
शुक्लाफाँटा नगरपालिकाअन्तर्गत पर्ने दोदा, वनहरा र स्याली नदीका बगरमा किसानले व्यावसायिक तरकारीखेती गर्दै आएका छन् । विगत साढे दुई दशकदेखि निरन्तर रूपमा बगर खेती गर्दै आएका किसानले यसबाट आफ्नो जीवनस्तरमा उल्लेखनीय सुधार ल्याएका छन् ।
शुक्लाफाँटा नगरपालिका–१२ स्थित दोदा नदीको बगरमा करिब २५ वर्षदेखि खेती गर्दै आउनुभएका ठगी राना यसका जिउँदा उदाहरण हुनुहुन्छ । उहाँका अनुसार माघ महिनामा रोपिने लौका, काँक्रा, तरबुजा, प्याज, गोलभैँडा र तितेकरेला वैशाखको सुरुआतसँगै बजारमा पुग्न थाल्छन् । एक सिजनमा झण्डै रु दुई लाखसम्म आम्दानी हुन्छ, उनले भने, यही आम्दानीले परिवारको खर्च धान्न सहज भएको छ ।
वर्षातको समयमा दोदा नदीमा पानी बग्ने भएकाले खेती सम्भव हुँदैन । तर बर्सात सकिएपछि बालुवाले सेताम्मे हुने बगरमा तरकारीखेतीले हरियाली छाउ छ । रानाजस्तै करिब २० परिवारले उक्त क्षेत्रमा सामूहिक रूपमा तरकारीखेती गर्दै आएका छन् । सीमित जमिन भए पनि पाँचदेखि १० कट्ठासम्म क्षेत्रफलमा गरिएको खेतीले राम्रो प्रतिफल दिइरहेको किसानहरू बताउछन् ।
बजार प्रणालीमा आएको परिवर्तनले पनि बगरखेतीलाई थप सहज बनाएको छ । पहिले किसानले उत्पादन गोरुगाडामा राखेर गाउँगाउँ पु¥याई गहुँलगायतका अन्नसँग साट्ने गर्थे । स्थानीय किसान उपदेव रानाका अनुसार अहिले व्यापारीहरू नै बारीमा पुगेर तरकारी खरिद गर्न थालेका छन् । बिक्री नभएको तरकारी मोटरसाइकल, साइकलमा राखेर बजारसम्म पु¥याउँछौँ, उनले भने ।
अझै पनि केही किसानले परम्परागत अन्नसँग तरकारी साट्ने वस्तु विनिमय प्रणालीलाई निरन्तरता दिएका छन् । सुखी रानाका अनुसार नगदमा बिक्री गर्नुभन्दा गहुँसँग तरकारी साट्दा बढी फाइदा हुने अनुभव छ । हामी अझै पनि अन्नसँग साटासाट गर्ने चलनलाई जोगाइरहेका छौँ, उनले बताए यसबाट नगदभन्दा बढी फाइदा हुन्छ ।
वनहरा नदीको बगरमा खेती गर्दै आउनुभएकी सरस्वती रानाले गत वर्ष रु तीन लाखसम्म आम्दानी गर्नुभएको थियो । यस वर्ष उत्पादन केही कम भए पनि रु दुई लाखभन्दा बढी आम्दानी हुनेमा ढुक्क छु, उनले भने । उहाँका अनुसार बीउबिजन, मलखाद, विषादी, घेराबार र जङ्गली जनावरबाट जोगाउन जाली लगाउँदा करिब रु ५० हजार खर्च हुने गर्दछ ।
स्याली नदीको बगरमा खेती गर्ने लोकेन्द्र रानाले यस सिजनमा काँक्रा बिक्रीबाट मात्रै रु २० हजारभन्दा बढी आम्दानी गरिसक्नुभएको छ । उहाँका अनुसार यामभरि सबै तरकारी बिक्री गर्दा करिब रु दुई लाख आम्दानी हुने गरेको छ ।
स्याली नदीको बगरमा वडा नं ३ देखि १२ सम्मका १०० भन्दा बढी परिवार बगरखेतीमा आबद्ध छन् ।
कुनै समय यी बगर क्षेत्रमा भारतीय किसानहरूको दबदबा रहने गरेको स्थानीय किसान सम्झनुहुन्छ । भारतीयबाटै खेती गर्ने सीप सिकेपछि अहिले स्थानीय किसान आफैँ आत्मनिर्भर बनेका छन् । यसले स्थानीय उत्पादन वृद्धि हुनुका साथै रोजगारी सिर्जनामा योगदान पु¥याएको छ ।
बगरखेतीको अर्को विशेषता भनेको कम रोग–किरा लाग्नु हो । तातो बालुवायुक्त जमिनमा किराहरू टिक्न नसक्ने भएकाले उत्पादनमा क्षति कम हुने किसान इतवरिया राना बताउनुहुन्छ । “यसले लागत घटाउँछ र नाफा बढाउँछ, उनले भने ।
हाल स्याली, सनवोरा र दोदा नदीका बगरमा गरी झण्डै छ सयभन्दा बढी किसान परिवार तरकारीखेतीमा संलग्न छन् । शुक्लाफाँटा नगरपालिका–१२ का वडाध्यक्ष नवलसिंह रानाका अनुसार बगरखेतीबाट मात्रै वार्षिक रु दुई करोडभन्दा बढीको तरकारी उत्पादन हुने गरेको छ ।
यसले स्थानीय अर्थतन्त्रमा ठूलो टेवा पु¥याएको छ, उनले भने । उत्पादन भएका तरकारी चोरी हुनबाट र स्याललगायतका जङ्गली जनावरबाट जोगाउनका लागि किसानले झोपडी बनाएर बगरमै बस्ने गरेका छन् । जङ्गली जनावरलाई बारीमा पस्नबाट रोक्नका लागि पछिल्लो समय प्लाष्टिकको नेट लगाउने गरिएको छ ।
नदी किनारका बगरहरू अब खेर जाँदैनन्”, वडाध्यक्ष रानाले भने,मेहनत, अनुभव र स्थानीय सीपको प्रयोगले ती बगरहरू किसानका लागि आयआर्जनको बलियो आधार बनेका छन्, उचित प्रविधि, सिँचाइ र बजार व्यवस्थापनमा थप सुधार हुनसके बगरखेतीले अझ व्यापक आर्थिक सम्भावना बोकेको देखिन्छ । रासस

# पश्चिम बङ्गालमा भाजपाको ऐतिहासिक अग्रता, ममता गढ ढल्ने संकेत

**नयाँदिल्ली ।**
भारतको राजनीतिमा नयाँ मोड ल्याउने सङ्केतका रूपमा प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारूढ हिन्दू राष्ट्रवादी दल भारतीय जनता पार्टी (भाजपा) ले पश्चिम बङ्गालको विधानसभामा उल्लेखनीय अग्रता हासिल गर्दै लामो समयदेखिको विपक्षी गढ तोड्ने स्थितिमा पुगेको छ । प्रारम्भिक मत परिणामहरूले राज्यको सत्ता समीकरणमा ठूलो परिवर्तन आउने सम्भावना देखाएका छन् ।
भारतको निर्वाचन आयोगले सोमबार सार्वजनिक गरेको आंशिक नतिजाअनुसार २९४ सदस्यीय पश्चिम बङ्गाल विधानसभामा भाजपा कम्तीमा १२४ सिट जित्न सफल भएको छ भने थप ८३ सिटमा अग्रस्थानमा रहेको देखिएको छ । यसले राज्यमा पहिलोपटक भाजपा सरकार गठनको बाटो खुल्न सक्ने सङ्केत दिएको छ ।
पश्चिम बङ्गालमा अहिलेसम्म शासन गर्न नसकेको भाजपाले वर्षौंदेखि मुख्यमन्त्री ममता बनर्जी नेतृत्वको अखिल भारतीय तृणमूल काङ्ग्रेस सरकारलाई विस्थापित गर्ने प्रयास गर्दै आएको थियो । सन् २०११ देखि निरन्तर सत्तामा रहँदै आएकी बनर्जी मोदीका प्रमुख आलोचकका रूपमा चिनिन्छिन्, र उनको राजनीतिक प्रभाव राज्यमा बलियो मानिन्थ्यो । तर यसपटकको निर्वाचन प्रक्रियामाथि विवाद पनि उब्जिएको छ । निर्वाचन आयोगले लाखौँ मतदातालाई मतदाता सूचीबाट हटाएको आरोप लगाउँदै विपक्षी दलहरूले चुनावको निष्पक्षतामाथि गम्भीर प्रश्न उठाएका छन् । यसले राजनीतिक वातावरण थप तनावपूर्ण बनाएको छ ।
यसैबीच, अन्य दुई राज्यमा पनि सत्तारूढ सरकारहरू परिवर्तन भएका छन् भने अप्रिलमा सम्पन्न अर्को राज्यीय चुनावमा भने भाजपाले आफ्नो सत्ता जोगाउन सफल भएको थियो । एक अर्ब ४० करोडभन्दा बढी जनसङ्ख्या भएको भारतमा २८ राज्य र आठ सङ्घीय क्षेत्रहरूमा नियमित रूपमा विभिन्न तहका चुनावहरू भइरहन्छन्, जसले देशको राजनीतिक गतिशीलता निरन्तर परिवर्तनशील बनाइरहेको छ ।
विशेषतः आफ्नो तेस्रो कार्यकालको मध्य चरणमा पश्चिम बङ्गालको नतिजाले मोदीको राष्ट्रिय राजनीतिक प्रभाव अझ सुदृढ हुने अनुमान गरिएको छ । सन् २०२४ को आम निर्वाचनपछि केन्द्रमा सरकार गठनका लागि क्षेत्रीय दलहरूको सहयोग लिनुपरेको अवस्थालाई ध्यानमा राख्दा यो सफलता उहाँका लागि रणनीतिक रूपमा महत्त्वपूर्ण मानिएको छ । आगामी सन् २०२९ मा चौथो कार्यकालका लागि चुनाव लड्ने अपेक्षा पनि गरिएको छ ।
नयाँ दिल्लीस्थित पार्टी मुख्यालयमा समर्थकहरूलाई सम्बोधन गर्दै मोदीले पश्चिम बङ्गालको नतिजालाई ऐतिहासिक उपलब्धि बताए । उनले राज्यमा पार्टीको बढ्दो जनआकर्षणलाई उजागर गर्दै ‘बङ्गालको भाग्यमा नयाँ अध्याय थपिएको छ’ भने । विपक्षी पक्ष भने अझै पनि राष्ट्रिय स्तरमा एकीकृत चुनौती प्रस्तुत गर्न सङ्घर्षरत देखिएको छ । विशेषतः क्षेत्रीय दलहरूलाई एकजुट गर्दै भाजपाविरुद्ध मोर्चा बनाउने प्रयासमा अग्रसर रहनुभएकी बनर्जीको सम्भावित हारले विपक्षी गठबन्धनभित्रको शक्ति सन्तुलनलाई कमजोर पार्न सक्ने आँकलन गरिएको छ ।
दक्षिण भारतमा पनि रोचक राजनीतिक परिवर्तन देखिएको छ । तमिलनाडुमा चलचित्र क्षेत्रका लोकप्रिय कलाकार जोसेफ विजयले स्थापना गरेको तमिलगा वेट्री कजगम पार्टीले सत्तारूढ डिएमकेलाई पराजित गर्दै सत्ता हात पार्ने स्थिति बनाएको छ । तमिलनाडुमा चलचित्र व्यक्तित्वहरु राजनीतिमा सफल हुने परम्परा यसपटक पनि दोहोरिएको छ । त्यस्तै, केरलामा भारतीय राष्ट्रिय काङ्ग्रेस नेतृत्वको विपक्षी गठबन्धनले सत्तारूढ कम्युनिस्ट सरकारलाई पराजित गर्दै वामपन्थी शासनको अन्त्य गरेको छ । यो परिणामलाई त्यहाँको दीर्घकालीन राजनीतिक समीकरणमा महत्त्वपूर्ण परिवर्तनको रूपमा हेरिएको छ । उत्तरपूर्वी राज्य असममा भने भाजपाले निरन्तर तेस्रो कार्यकालका लागि सत्ता कायम राख्न सफल भएको छ, जसले पार्टीको क्षेत्रीय प्रभाव अझ विस्तार भइरहेको सङ्केत गर्दछ । रासस

## होल्डिङ सेन्टरका बालबालिका विद्यालय जान थाले



**काठमाडौँ ।** राधास्वामी सत्सङ्ग व्यास आश्रममा रहेका बालबालिकामध्ये ५२ जना बालबालिका मंगलबार देखि विद्यालय जान थालेका छन् । काठमाडौँ महानगरपालिकाको शिक्षा विभागले सोमबार विद्यार्थी र अभिभावकसँग परामर्श गरेर उनीहरूको रुचि र आवश्यकता पहिचान गरेपछि आजदेखि वडा नं १४ मा रहेको जनविकास माध्यमिक विद्यालयमा पठाउन लागिएको कामपाका शिक्षा अधिकारी नमराज ढकालले बताए ।

नदीकिनारामा अव्यवस्थित बसोबास गरिरहेका घरटहरा खाली गराउने क्रममा थापाथली, गैरीगाउँ र सिनामङ्गलसहित विभिन्न स्थानबाट ल्याइएका ६६ परिवारका २०३ जना अहिले आश्रममा छन् । उनीहरूमध्ये अपाङ्गता भएका एक जनासहित ६२ पुरुष, तीन सुत्केरी, दुई गर्भवतीसहित ८० महिला, ३१ बालिका र ३० बालक छन् ।

यी परिवारमा रहेका बालबालिकामध्ये ५२ जना बालबालिका विद्यालय उमेरका छन् । चार जनाले यस वर्ष एसईई दिएका छन् । उनीहरू कम्प्युटर, सिलाइबुनाइजस्ता सीप सिक्न चाहन्छन् ।

कामपाले उनीहरूले चाहेको सीपमूलक तालिमको प्रबन्ध गर्ने योजना बनाएको ढकालले जानकारी दिए ।

विद्यालय उमेरका विद्यार्थीमध्ये ३० जना छात्रछात्राका अभिभावकले आफ्ना नानीबाबुलाई छात्राबासमा राखेर पढाउने चाहना राखेको पनि उनले भने ।

कामपा शिक्षा विभागका वरिष्ठ शाखा अधिकृत सुशील सुवेदीका अनुसार छात्राबास बस्न इच्छुकहरूमा ११ छात्रा र १९ छात्र छन् । सुवेदीका अनुसार विद्यार्थीलाई आवश्यक पर्ने पोशाक तथा शैक्षिक सामग्रीसम्बन्धी आवश्कयतासमेत माग गरिएको छ ।

छात्राबासमा राखेर आवास सुविधासहितको अध्ययनका लागि हामीले प्याब्सन, एनप्याब्सन र हिसानमार्फत कामपाले अनुरोध समेत गरिसकेको छ ।

कामपाका निर्देशक वसन्त आचार्यका अनुसार १० वर्ष उमेर भएका बालबालिकालाई मात्र छात्राबासमा राख्न उपयुक्त हुने सुझाव प्राप्त भएपछि हामीले त्यही अनुरूप व्यवस्थापनको प्रयास गरिरहेका छौँ । निजी तथा संस्थागत विद्यालयबाट खबर प्राप्त भएपछि हामी इच्छुक र योग्य बालबालिकालाई छात्राबास पठाउँछौँ ।

कामपाको कार्यवाहक प्रमुख सुनिता डङ्गोलले आइतबार प्याब्सन र एनप्याब्सनका पदाधिकारीसँग बसेर होल्डिङ सेन्टरमा रहेका बालबालिकाका लागि संस्थागत विद्यालयमा आवास सुविधासहित निःशुल्क अध्ययनको व्यवस्था मिलाउन आग्रह गरेकी थिइन् । रासस

## ११ दिनपछि दमौली बजारको फोहर उठ्यो



**दमौली ।** ११ दिनपछि तनहुँको सदरमुकामस्थित दमौली बजारको फोहर उठेको छ । व्यास नगरपालिकाले यही वैशाख ११ गतेदेखि फोहर संकलन स्थगित गरेकामा मंगलबार देखि फोहर उठाउन थालेको हो ।

फोहर विसर्जन गर्ने ठाउँ अभावका कारण नगरपालिकाले बजार क्षेत्रबाट फोहर उठाउन सकेको थिएन । व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले अहिले तत्कालका लागि अस्थायी ठाउँ खोजेर फोहर विसर्जन गर्न लागिएको जानकारी दिए ।

उनले भने, 'दमौली बजारमा लामो समयदेखि फोहर उठ्न नसक्दा दुर्गन्धित हुन थालेको छ । अहिले फोहर गाडेप तत्काल पुर्ने व्यवस्था मिलाएका छौँ ।'

फोहरमैलाको दिगो व्यवस्थापनका लागि प्रस्तावित जग्गा खरिदको अनुमति नेपाल सरकारसँग माग भएकामा हालसम्म पनि अनुमति प्राप्त हुन नसकेको उनले उल्लेख गरे । उनले भने, 'हाल स्रोतमा वर्गीकरण गरी आएका नकुहिने फोहरलाई कार्यालय परिसरभित्र सूक्ष्म वर्गीकरण गरी बिक्रीयोग्य सामानहरू बिक्री गरी बिक्री अयोग्य वस्तुहरूको अन्तिम विसर्जनका लागि वडा नम्बर १ गल्वुवेशी अकला कमलडिहीमा व्यक्तिको जग्गामा अस्थायी व्यवस्थापन गरिँदै आएको थियो ।'

उक्त अस्थायी ठाउँ पनि फोहरले भरिएपछि अर्को ठाउँ खोजी कार्य भइरहेको लम्सालले बताए । नगरपालिकाले तीन वटा टिपर, चार वटा ट्याक्टर, एक जेसिवी, एक सक्सन ट्याङ्क, एक अटो र एक रिक्सा गरी ११ वटा सवारीसाधन दैनिक रुपमा सरसफाइ कार्यका लागि प्रयोग गर्दै आएको छ ।

नगरपालिकाको स्थापनाको ३२ वर्ष भए पनि यहाँ फोहरमैला व्यवस्थापन केन्द्र नहुँदा बेलाबेलामा समस्या हुने गरेको छ । नगरपालिकामा स्थापनाकालदेखिको मुख्य समस्याको रुपमा रहेको फोहरमैला व्यवस्थापन सधैँको समस्या बन्ने गरेको छ । रासस

## मार्ग खुलेको १६ वर्षपछि सडक स्तरोन्नति



**म्याग्दी ।** म्याग्दीको बेनी नगरपालिका–१० पाल्लेखेतको वाखेतमा पक्की सडक निर्माण भएको छ । स्थानीय पूर्वाधार आयोजना पोखराले पाल्लेखेतको गहतेचोकदेखि राम्जाली मन्दिर खण्डमा ढलान गरेर सडकलाई पक्की बनाएको हो । विसं २०६६ मा मार्ग खुलेको सडक १६ वर्षपछि पक्की भएको हो । पक्की सडक बनेपछि स्थानीयवासी उत्साही भएका छन् । आवतजावत सहज भएको वाखेतका बासिन्दा अर्जुन पुनले बताए ।

'साँघुुरो र कच्ची सडकमा यात्रा गर्न असहज भएको थियो', उनले भने, 'सडक ढलान भएपछि यात्राअवधि छोटिनुका साथै सहज भएको छ ।' यसअघि २० मिनेट लाग्ने यात्राअवधि पाँच मिनेटमा छोटिएको उनले बताए ।

वाखेत–टोड्के सडक स्तरोन्नति योजना निर्माणका लागि गत माघ १० गते दुप्चेश्वर शुभम् बिल्डर्सले दुई करोड ३६ लाख २३ हजार १५२ मा ठेक्का सम्झौता गरेको थियो । एक किलोमिटर ७०० मिटर सडक स्तरोन्नति गर्ने आगामी असार ३० गतेसम्म ठेक्काको म्याद रहेको योजना निर्माण कम्पनीले लक्ष्यभन्दा दुई महिनाअघि नै सम्पन्न गरेको हो ।

निर्माण कम्पनीका सञ्चालक सुवासचन्द्र कार्कीले सम्झौतालगत्तै उपकरण र मजदुर परिचालन तथा निर्माण सामग्रीको व्यवस्थापन गरेर इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुद लक्ष्यअघिनै काम सम्पन्न गरेको बताए । निर्माण सकिए पनि प्राविधिक नापजाँच र भुक्तानीको काम बाँकी रहेको उनले बताए ।

तीन दशमलव पाँचदेखि चार मिटर फराकिलो सडकमा ढलान गरेर पक्की बनाइएको छ । सडक स्तरोन्नति भएपछि स्थानीयबासीका साथै टोड्के आवछजावात गर्ने पर्यटकलाई सहज भएको बेनी नगरपालिका–१० का वडासदस्य बेगम पाइजाले बताए । राम्जाली चोकदेखि बराहथान हुँदै टोड्के जोड्ने बाँकी खण्डको सडक स्तरोन्नतिका लागि योजनाको निरन्तरता दिन वाखेतवासीले माग गरेका छन् । रासस

## हुलाकी सडक फराकिलो बनाउन आग्रह

**नेपालगन्ज ।** हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगन्जलाई बाँकेको खजुरामा निर्माणाधीन सडक फराकिलो गराउन आग्रह गरिएको छ । जिल्लाको खजुरा बजारस्थित एक हजार ८०० मिटर चारलेन हुलाकी सडक पुरानै मापदण्डअनुसार निर्माण सुरु गर्दा सडक साँघुरो हुने भन्दै स्थानीय बासिन्दाले आज हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगन्जमा ज्ञापन पत्र बुझाउँदै सो आग्रह गरेका हुन् । करिब नौ वर्षअघि निर्माण सुरु भई अलपत्र परेको सडक पुरानो ठेक्का तोडेर नयाँ प्रक्रियाबाट सुरु गरिएको थियो ।

स्थानीय बासिन्दा शरण कर्माचार्यले साँघुरो सडकका कारण दुर्घटनाको जोखिम बढेपछि सडक बिस्तारका लागि आग्रह गरिएको जानकारी दिए । उनले अहिले सडक निर्माण हुन लागेको अवस्थामा केही फराकिलो बनाउन अनुरोध गरिएको उल्लेख गरे । कर्मचार्यका अनुसार सडकको दुवैतर्फ एक मिटर थप गरी सडकको चौडाइ नौ मिटर कायम गर्न र पदमार्गलाई नालीभन्दा पछि निर्माण अघि बढाउन माग गरिएको छ ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगञ्जका प्रमुख लीलाबहादुर भण्डारीले नयाँ निर्माणाधीन सडकमा स्थानीयको मागअनुसार सडक विस्तारका लागि सकारात्मक रहेको भन्दै स्वीकृतिका लागि निर्देशनालयमा पठाइने जानकारी दिए । यसअघि निर्माण भएको संरचनाका विषयमा अदालतमा मुद्दा विचाराधीन रहेकाले काम अघि बढाउन प्राविधिक कठिनाइ रहेको उनको भनाइ छ ।

सडक डिभिजन कार्यालय नेपालगञ्जका अनुसार २०७४ साल चैत २९ गते गजुरमुखी कन्स्ट्रक्सन कम्पनी प्रालि इलामसँग बाँकेको खजुरा बजारमा एक हजार ८०० मिटर र बर्दियाको गुलरीयामा दुई हजार २०० मिटर लम्बाइको सडक निर्माणका लागि रु. २१ करोड ४९ लाखमा सम्झौता भएको थियो । सम्झौता सुरु हुँदा २०७७ चैतमा सम्पन्न हुनुपर्ने थियो । तर पटक–पटक म्याद थप गर्दा काम सम्पन्न भएन । सडक डिभिजनले ठेक्का प्रक्रिया तोडेपछि निर्माण व्यवसायी अदालत गएकामा अदालतबाट अन्तरिम आदेश जारी नभएपछि स्थानीयको मागअनुसार हुलाकी सडक आयोजनाले सडक निर्माण कार्य अघि बढाएको छ । रासस

## 'श्रमको उचित मूल्य र सम्मान प्राप्त नहुँदा विदेशिन बाध्य'



**काठमाडौँ ।** दुबई प्रस्थान गर्न लागेका ध्रुव विशाललाई स्वदेशमै श्रम गर्ने मन थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भेटिएका दाङ घोराहीका ३७ वर्षीय विशालले काठमाडौँमा फोहर उठाउनेदेखि होटलमा वेटरको कामसमेत गरे । तर, ती सबै ठाउँमा उनले कामअनुसारको उचित पारिश्रमिक र समयमा तलब पाएनन् । उनले भने, 'परिश्रमको मूल्य नै पाइएन, त्यही भएर विदेशिन लागेको हुँ ।'

धनकुटाका गुञ्जन तामाङ मनोरञ्जन क्षेत्रमा काम गर्छन् । उनले यस क्षेत्रमा काम गर्न थालेको नौ महिना भयो । उचित पारिश्रमिक नपाउने, काममा साहुको अपमानजनक व्यवहारले गर्दा उनले नौ महिनामै चार ठाउँमा काम गर्नुपरेको गुनासो गरे ।

'तलबै नदिएपछि के बसिरहनु,' उनले भने, 'मनोरञ्जन क्षेत्रमा हामीलाई साहु, ग्राहकदेखि छिमेकीले समेत अपमान गर्छन् ।' रोजगारको स्थायित्व नहुँदा उनले पनि वैदेशिक रोजगारीमा जान राहदानी बनाइसकेको बताए ।

वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार पछिल्लो एक महिनामा ६२ हजार २६५ जना वैदेशिक रोजगारमा गएका छन् । श्रमिकले स्वदेशमा श्रम नपाउनु र श्रमको उचित सम्मान नहुँदा विदेशिन बाध्य भएको श्रम अधिकारकर्मी नवीन कुमारको धारणा छ ।

जिफन्टको अध्ययनअनुसार नेपालमा हालसम्म एक करोड ३० लाख बढी श्रमिक छन् । यद्यपि, यी श्रमिकका शारीरिक, मानसिक, सामाजिक सुरक्षा भने अझै व्यवस्थित हुन सकेको छैन । 'न्यूनतम ज्याला नपाएका, समान ज्याला नपाएका श्रमिकको अवस्था अझै उस्तै छ,' उनले भने, 'जसले गर्दा युवा पुस्तामा वितृष्णाका कारण श्रमकै लागि विदेशिने गरेका छन् ।'

राष्ट्रिय तथ्यांक कार्यालयको पछिल्लो प्रतिवेदनअनुसार नेपालमा युवा बेरोजगार दर १२.७ प्रतिशत छ । त्यसमा पनि १५ वर्षदेखि २५ वर्ष उमेर समूहका युवा बेरोजगार बढी छन् । सो तथ्यांकअनुसार श्रम बजारमा ३७.५ प्रतिशत मात्रै सहभागी छन् । नेपालको संविधानको धारा २३ ले रोजगारीको हकलाई मौलिक हकका रूपमा समावेश गरेको छ । सोही हकको कार्यान्वयन गर्न रोजगारीको हकसम्बन्धी ऐन, २०७५ जारी गरिएको छ । सरकारले आर्थिक वर्ष २०७५÷७६ को नीति तथा कार्यक्रम र बजेटमार्फत सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसर सिर्जना गरी आगामी पाँच वर्षमा कुनै पनि नेपाली नागरिकले बाध्यतावशः वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने घोषणा पनि गरेको थियो । तर त्यो घोषणा कार्यान्वयन हुन सकेन ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले २०८१ वैशाखदेखि स्वदेशमा रोजगार सिर्जना गर्ने हेतुले 'श्रम संसार प्रणाली'का रूपमा डिजिटल एप सञ्चालन गरेको छ । उक्त एपमार्फत रोजगारी खोज्नेको सङ्ख्या ९६ हजार ९७३ रहेका छन् । तर रोजगारी पाउनेको सङ्ख्या भने जम्मा नौ जना मात्र देखिन्छ । सो एपबाट जागिर खोज्दा 'इन्ट्री' गर्ने तर, पाइसकेपछि पाएको सूचना अभिलेख नगर्ने भएकाले जागिर पाउनेको तथ्यांक कम देखिएको मन्त्रालयका इन्जिनियर इन्द्रनारायण यादवले बताए । 'रोजगारको अभाव छैन, खोजी गर्न सके श्रम संसार प्रणालीले सजिलो बताएको छ,' उनले भने । रासस

## सुदूरपश्चिममा लोकप्रिय 'महेन्द्रनगर मावि'

**महेन्द्रनगर ।** महेन्द्रनगरस्थित महेन्द्रनगर माध्यमिक विद्यालय सुदूरपश्चिमकै लोकप्रिय विद्यालयको रूपमा स्थापित भएको छ । यस विद्यालयमा नयाँ शैक्षिकसत्रमा भर्ना हुन आउने विद्यार्थीको सङ्ख्या विद्यालयले धान्न नसक्ने गरी आइरहेको विद्यालय व्यवस्थापन समितिले जनाएको छ ।

विसं २०७१ अघिसम्म ३७१ जना विद्यार्थी अध्ययनरत यस विद्यालयमा हाल भर्नाका लागि प्रवेश परीक्षा दिन आउनेको भीड लागेको छ । सरकारी विद्यालयको शैक्षिक गुणस्तरमाथि गरिने शंका यस विद्यालये भने चिरेको छ ।

आधारभूत तह र माध्यमिक तहमा गरी तीन हजार विद्यार्थी अध्ययनरत महेन्द्रनगर माविमा ९२ जना शिक्षक कर्मचारी कार्यरत छन् । विसं २०७२ मा विद्यार्थी व्यवस्थापन समितिको अध्यक्ष भएर नेतृत्व गरिरहेका वीरेन्द्रराज विष्ट चौथो पटक विद्यालय व्यवस्थापनको नेतृत्वमा छन् ।

'म विद्यालय व्यवस्थापन समितिमा प्रवेश गर्दा ३७१ विद्यार्थी र १४–१५ जना मात्रै शिक्षक कर्मचारी थिए', अध्यक्ष विष्टले भने, 'यसपटक व्यवस्थापन समितिबाट बाहिरिन खोजेको तर अभिभावकहरूले दिनुभएन ।' यो विद्यालय सुदूरपश्चिम प्रदेशमै सबैभन्दा बढी विद्यार्थी भएको विद्यालय हो ।

'त्यो बेला तीन जना दरबन्दीको शिक्षकको तलबबाट निजी स्रोतका शिक्षकलाई तलब खुवाउनुपर्ने परिस्थिति थियो । विद्यालयको आर्थिक स्रोत निकै कमजोर थियो', अध्यक्ष विष्टले भने, 'अहिले निजी स्रोतका शिक्षकहरूलाई पनि सरकारले तोकेअनुरुपकै तलब खुवाउन सक्ने भएका छौँ ।'

एक्काइस वर्षको उमेरमै विद्यालय व्यवस्थापन समितिको बागडोर सम्हाल्नुभएका विष्टकै सक्रियतामा हाल विद्यालयमा प्राविधिकतर्फ र नियमित गरी शैक्षिक कार्यक्रम सञ्चालन भइरहेका छन् । विसं २०३३ मा स्थापना भएको उक्त विद्यालयको समग्र अवस्थाबारे बुझ्न अहिले मुलुकभरबाट विद्यालय व्यवस्थापन समितिका पदाधिकारी आउने गर्छन् ।

विद्यालयमा ७२ जना आन्तरिक स्रोतबाट शिक्षक तथा कर्मचारी कार्यरत छन् । तीस जना शिक्षक कर्मचारी दरबन्दीमा कार्यरत छन् । 'नर्सरीदेखि १२ कक्षासम्म प्रवेश परीक्षा लिएर मात्र भर्ना लिन्छौँ', विष्टले भने, 'अहिले भर्नाका बेला सिट क्षमताभन्दा तेब्बरले प्रवेश परीक्षा दिइरहेका छन् ।'

यो विद्यालय २०७५ देखि सिटीइभिटी कार्यक्रमअन्तर्गत बाली विज्ञान, २०७६ देखि सिभिल ओभरसियर, २०७९ बाट सबओभरसियर, २०७६ मा नमूना विद्यालयमा छनोट भएको थियो ।

'२०७८ देखि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन छ । २४ जना छात्र छात्रावासमा आश्रित छन्', उनले भने, 'विज्ञान, वाणिज्य, शिक्षा, कानुन र प्राविधिकतर्फ कार्यक्रम सञ्चालित छन् ।' दुई वर्षअघिदेखि यहाँ २४ महिने औद्योगिक प्रशिक्षार्थी कार्यक्रम पनि सञ्चालनमा छ ।

'कक्षा ८, ९ र १० का विद्यार्थीलाई 'संसार चिनाऊ' कार्यक्रम सञ्चालन छ, हाम्रोमा कार्यरत शिक्षक कर्मचारी सबैका छोराछोरी यहीँ अध्ययनरत छन्, उनले भने । विद्यालयको शैक्षिक गुणस्तरमा भएको सुधार र आन्तरिक व्यवस्थापन सक्षम भएकै कारण करिब २० किलोमिटर टाढादेखि विद्यार्थी साइकल चढेर आउने गरेको समितिले जनाएको छ । रासस

# जनकपुरधाम–१ मा व्यवस्थित तरकारी बजार सञ्चालन हुँदै

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका ले वडा नं.–१ मा व्यवस्थित तरकारी बजार सञ्चालनका लागि आवश्यक तयारीलाई तीव्रता दिएको छ ।

सडक किनारमा अव्यवस्थित रूपमा भइरहेको तरकारी बिक्रीलाई व्यवस्थापन गर्दै सुरक्षित, स्वच्छ र सहज बजार वातावरण निर्माण गर्ने उद्देश्यसहित काम अगाडि बढाइएको उपमहानगरपालिकाले जनाएको छ ।



नगर प्रमुख मनोज कुमार साहले बजार व्यवस्थापन नगरको प्राथमिकतामा रहेको उल्लेख गर्दै यसबाट स्थानीय किसान, व्यवसायी तथा उपभोक्ता सबैलाई प्रत्यक्ष लाभ पुग्ने विश्वास व्यक्त गरे । उनका अनुसार व्यवस्थित बजार सञ्चालन भएपछि यातायात व्यवस्थापनमा सहजता आउने र शहरको सौन्दर्यसमेत अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

यसैगरी, प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले बजार व्यवस्थापनका लागि प्रशासनको पूर्ण साथ रहने स्पष्ट पारे । उनले कानुनी मापदण्डअनुसार कार्य अगाडि बढाउन र सबै सरोकारवालाबीच प्रभावकारी समन्वय आवश्यक रहेको औंल्याए ।

वडा नं.–१ का वडा अध्यक्ष दीप नारायण यादवले स्थानीयस्तरमा देखिएका समस्याहरू समाधान गर्दै बजार व्यवस्थापनलाई सफल बनाउन आफूहरू प्रतिबद्ध रहेको बताए । उनले व्यवसायीहरूलाई तोकिएको स्थानमा व्यवस्थित रूपमा व्यापार गर्न आग्रहसमेत गरे ।

त्यस्तै, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक गणेश बहादुर बमले बजार व्यवस्थापनमा सुरक्षा निकायको आवश्यक सहयोग रहने जानकारी दिए । उनका अनुसार सडक अतिक्रमण हटाउने, ट्राफिक व्यवस्थापन मिलाउने तथा शान्ति सुरक्षा कायम राख्न प्रहरी सक्रिय रहनेछ ।

उपमहानगरपालिकाले सरोकारवालाहरूको सहकार्यमा छिट्टै व्यवस्थित तरकारी बजार सञ्चालनमा ल्याउने लक्ष्य लिएको जनाएको छ ।

# चुरे संरक्षणका लागि 'मेची–महाकाली जनजागरण यात्रा' घोषणा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपाल ले चुरे क्षेत्र संरक्षणका लागि देशव्यापी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यसहित 'मेची–महाकाली जनजागरण एवम् हस्ताक्षर अभियान यात्रा' सुरु गर्ने घोषणा गरेको छ ।

अभियान आगामी जेठ १ गतेदेखि औपचारिक रूपमा सुरु हुने जनाइएको छ ।

अभियानका अध्यक्ष सुनिल यादव का अनुसार चुरे क्षेत्रमा बढ्दो अवैध गिट्टी–बालुवा उत्खनन, क्रसर उद्योगको अनियन्त्रित सञ्चालन तथा वन विनाशका कारण तराई–मधेश क्षेत्रमा मरुभूमीकरणको जोखिम बढ्दै गएको छ ।

यस्ता समस्याप्रति राज्यको ध्यानाकर्षण गराउँदै प्रभावकारी नियन्त्रणका लागि दबाब सिर्जना गर्न अभियान सञ्चालन गर्न लागिएको उनले बताए ।

अभियानले अवैध उत्खनन नियन्त्रण, अतिक्रमित नदी–नालाको संरक्षण, प्रदूषण न्यूनीकरण, वन फँडानी रोकथाम तथा जडीबुटीको अवैध दोहन अन्त्यलाई प्रमुख एजेन्डाका रूपमा अघि सारेको छ ।

'प्रकृति जोगाऔँ, भविष्य बचाऔँ' भन्ने मूल नारासहित सञ्चालन हुने उक्त यात्रामार्फत तराई, पहाड र हिमालबीचको वातावरणीय सन्तुलन जोगाउन राष्ट्रिय एकताको सन्देश प्रवाह गरिने अध्यक्ष यादवले उल्लेख गरे ।

अभियानमा सहभागी हुन उनले विशेषगरी तराई–मधेशका युवा, विद्यार्थी, नयाँ पुस्ता, राजनीतिक दलका कार्यकर्ता, नागरिक समाज तथा सञ्चारकर्मीलाई आह्वान गरेका छन् ।

यसअघि पनि अभियानले सप्तरीदेखि काठमाडौं सम्म पैदल यात्रा गर्नुका साथै माइतीघर मण्डला मा लामो समयसम्म धर्ना दिँदै चुरे संरक्षणको विषयलाई राष्ट्रिय बहसमा ल्याएको थियो ।

# हत्या आरोपितलाई उन्मुक्ति दिन खोजिएको भन्दै अदालतअगाडि धर्ना

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
परोहा नगरपालिका–२ जिंगडवाका ६५ वर्षीय शेख मतिनको हत्या प्रकरणमा आरोपितलाई उन्मुक्ति दिन लागिएको आशंकामा पीडित परिवार र आफन्तहरूले जिल्ला अदालतअगाडि धर्ना दिएका छन् ।

सोमबार जिल्ला अदालत रौतहट को गेटबाहिर भेला भएका पीडित पक्ष र स्थानीय युवाहरूले 'हत्यारालाई कारबाही गर', 'मृतक शेख मतिनलाई न्याय दे', 'अन्यायको अन्त्य गर' लगायतका नारा लेखिएका प्लेकार्डसहित दिनभर प्रदर्शन गरेका हुन् ।



मृतकका आफन्त शेख असिमका अनुसार २०८१ चैत २१ गते स्थानीयस्तरमा छलफल भइरहँदा सामान्य विवादका क्रममा शेख मतिनमाथि कुटपिट भएको थियो । कुटपिटमा संलग्न रहेका आरोपमा शेख फजले हक, शेख नथुनी, शेख जावेद, मासुम, शेख सकिल र शेख रोज महम्मदको नाम लिइएको छ ।

गम्भीर घाइते मतिनलाई उपचारका लागि गरुडा, चन्द्रनिगाहपुर हुँदै थप उपचारका लागि वीरगन्ज लगिएको थियो । त्यहाँ उपचार सम्भव नभएपछि काठमाडौं लैजाँदै गर्दा चैत २३ गते बाटोमै उनको मृत्यु भएको जनाइएको छ ।

मृतकका छोरा सदरे आलमका अनुसार घटनामा संलग्न ६ जनाविरुद्ध इलाका प्रहरी कार्यालय गरुडा मा कर्तव्य ज्यान कसुरमा जाहेरी दर्ता गरिएको छ । उनले उजुरी दर्ता गर्न समेत कठिनाइ भएको गुनासो गर्दै पछिल्लो घटनाक्रमप्रति पनि शंका व्यक्त गरे ।

घटनापछि फरार रहेका मध्ये शेख रोज महम्मद एक साताअघि राति प्रहरीसमक्ष हाजिर भएको भन्दै पीडित पक्षले अनुसन्धान प्रक्रियामाथि प्रश्न उठाएका छन् । पीडितका अनुसार मिलेमतोमा मिसिल कमजोर बनाउने प्रयास भएको आशंकामा दबाब दिन अदालतअगाडि धर्ना दिइएको हो ।

यता, इलाका प्रहरी गरुडाका डीएसपी शंकरप्रसाद आचार्यले भने आरोप अस्वीकार गरेका छन् । उनले कानुनबमोजिम अनुसन्धान सम्पन्न गरी मिसिल अदालतमा बुझाइसकिएको र न्याय प्रक्रियामा कुनै लापरवाही नगरिएको दाबी गरे ।

प्रहरीका अनुसार फरार आरोपित शेख रोज महम्मदलाई सोमबार अदालतमा उपस्थित गराइएको छ । तर बयान नसकिएकाले थुनछेक बहस मंगलबारका लागि तोकिएको जिल्ला अदालत रौतहटले जनाएको छ ।

# नारायणी अस्पतालमा तीन वर्षदेखि मनोचिकित्सक अभाव



**वीरगंज ।**
वीरगंजस्थित नारायणी अस्पतालमा विगत तीन वर्षदेखि मानसिक रोगका बिरामीको उपचार गर्ने मनोचिकित्सकको अभाव हुँदा सेवाग्राहीहरू प्रभावित हुँदै आएका छन् ।

केन्द्रीय अस्पतालको मान्यता प्राप्त यस अस्पतालमा दैनिक २५ देखि ३० जनासम्म मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका बिरामी परामर्शका लागि आउने गरे पनि आवश्यक सेवा दिन नसकिएको अस्पतालले जनाएको छ ।

अस्पतालका सूचना अधिकृत डा. उदयनारायण सिंहका अनुसार यसअघि करारमा आएका एक जना मनोचिकित्सकले एक वर्ष सेवा दिएपछि फर्किएपछि पदपूर्ति हुनसकेको छैन । मनोचिकित्सकले मानसिक रोग, लागूऔषध दुरुपयोग, एचआइभी–एड्सलगायत समस्याबाट पीडित बिरामीलाई परामर्श तथा उपचार सेवा प्रदान गर्दै आएका थिए ।

नारायणी अस्पतालमा आएका मानसिक रोगका बिरामीलाई हाल चिकित्सक अभावका कारण अन्य अस्पतालमा पठाउनुपर्ने बाध्यता रहेको छ ।

उता विराटनगर र भरतपुरका अस्पतालहरूमा चारभन्दा बढी मनोचिकित्सक कार्यरत भए पनि सोही स्तरको नारायणी अस्पतालमा एक जना पनि मनोचिकित्सक नहुनु विडम्बनापूर्ण रहेको सरोकारवालाहरू बताउँछन् ।

विशेष गरी तराई क्षेत्रमा मानसिक रोगका बिरामीको सख्या बढी भए पनि आवश्यक सेवा नपाउँदा अवस्था झन् जटिल बन्दै गएको छ ।

यसैबिच, अस्पतालमा डायलिसिस सेवा सञ्चालनमा रहे पनि नेफ्रोलोजिस्ट चिकित्सकको अभाव देखिएको छ । सूचना अधिकारी डा. सिंहका अनुसार करारमा कार्यरत एक जना नेफ्रोलोजिस्ट छ महिनाअघि सेवा अवधि सकिएपछि फर्किएका थिए र त्यसपछि पद खाली रहेको छ ।

हाल डायलिसिस सेवा फिजिसियनहरूको सहायतामा सञ्चालन भइरहेको छ ।

अस्पतालमा १५ वटा डायलिसिस मेसिन रहेका छन् र दैनिक करिब १ सय जना बिरामीले सेवा लिइरहेका छन् ।

यद्यपि विशेषज्ञ चिकित्सकको अभावले सेवा प्रभावकारितामा कमी आएको बताइएको छ । अस्पताल प्रशासनले मनोचिकित्सक र नेफ्रोलोजिस्ट पदपूर्तिका लागि सम्बन्धित मन्त्रालय र विभागमा पटक–पटक पत्राचार गर्दै आएको भए पनि हालसम्म ठोस पहल नभएको जनाएको छ ।

# विश्वकप लिग २: ओमानमाथि नेपालको जित




**काठमाडौँ ।**
आइसिसी पुरुष विश्वकप क्रिकेट लिग २ अन्तर्गतको त्रिकोणात्मक शृङ्खलामा नेपालले ओमानमाथि जित हासिल गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा मंगलबार भएको खेलमा नेपालले ओमानमाथि ८१ रनको जित हासिल गरेको हो ।

जितका लागि २५७ रनको लक्ष्य पछ्याएको ओमान ३९.५ ओभरमा १७५ रनमै 'अलआउट' भयो । ओमानका कप्तान जतिन्दर लागि १२ रन बनाएर सुरुआत गरेका थिए । त्यस्तै, हस्नैन उल वहाबले २९ रन जोडे । मध्यक्रममा हम्माद मिर्जाले ३४ रन बनाउँदै सङ्घर्ष गरे भने विनायक शुक्लाले ३६ रन जोड्दै टोलीलाई सम्हाल्ने प्रयास गरे । तर अन्य ब्याट्सम्यानहरू निरन्तर आउट हुँदा ठूलो साझेदारी बन्न सकेन ।

आर्यन बिष्टले ६ रन, जितेन रमणान्दीले ३ रन तथा वसीम अलीले १० रन मात्र बनाउन सके । अन्त्यतिर हस्नैन शाहले १४ रन र नदीम खानले १२ रन बनाए ।

नेपालका लागि गुल्सन झाले पाँच विकेट लिए । त्यस्तै सन्दीप लामिछाने, करण केसी, दीपेन्द्र सिंह ऐरी र नन्दन यादवले समान एक–एक विकेट लिए ।


त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ४९.५ ओभरमा सबै विकेट गुमाउँदै २५६ रन बनाएको थियो ।

इनिङ्सको सुरुआतमै विनोद भण्डारी शून्यमै आउट भएपछि नेपाल दबाबमा परेको थियो । तर त्यसपछि आसिफ शेख र अर्जुन कुमालले दोस्रो विकेटका लागि महत्त्वपूर्ण साझेदारी गर्दै टोलीलाई सम्हाले ।

आसिफ शेख उत्कृष्ट ब्याटिङ गर्दै ९४ रन बनाए । उनले सात चौका र पाँच छक्का प्रहार गरे । त्यस्तै अर्जुन कुमालले ४८ रनको योगदान दिए भने मध्यक्रममा दीपेन्द्र सिंह ऐरीले ३३ रन जोडे ।

अन्तिमतिर आरिफ शेखले आक्रामक ब्याटिङ गर्दै २४ बलमा ४३ रन बनाएपछि नेपालले सम्मानजनक स्कोर पु¥यायो । ओमानका लागि नदीम खानले तीन विकेट लिए भने शकिल अहमद र हस्नैन शाहले समान दुई–दुई विकेट लिए ।

# अदालतले व्यवसायी गोल्छालाई हिरासतमा राख्न अनुमति दिएन



**काठमाडौँ ।**
जिल्ला अदालत काठमाडौँले व्यवसायी शेखर गोल्छालाई अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति नदिने आदेश गरेको छ । न्यायाधीश मोना सिंहको इजलासले मंगलबार गोल्छालाई हिरासतमा राखी अनुसन्धान गर्न म्याद थप गर्न नमिल्ने आदेश गरेको हो । अदालतको आदेशसँगै व्यवसायी गोल्छा थुनामुक्त हुनु हुनेछ ।

आदेशमा भनिएको छ, 'प्रतिवादी शेखर गोल्छालाई हिरासतमै राखी मुद्दाको अनुसन्धान गर्नुपर्नेसम्मको अवस्थाको विद्यमानता रहेको नदेखिएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(३) बमोजिम प्रतिवादीलाई हिरासतमा राखी अनुसन्धान गर्न म्याद थप गर्न मिलेन ।'

व्यवसायी गोल्छालाई धितोपत्र र बिमासम्बन्धी कसुरमा अनुसन्धानका लागि प्रहरीले यही वैशाख १४ गते पक्राउ गरेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन